# नेपाल राष्ट्र बैंक खुला बजार कारोबारसम्बन्धी कार्यविधि (दोस्रो संशोधन, २०७९), २०७८

**नेपाल राष्ट्र बैंक,**

**बालुवाटार, काठमाडौं**

# नेपाल राष्ट्र बैंक खुला बजार कारोबारसम्बन्धी कार्यविधि (दोस्रो संशोधन, २०७९), २०७८

## प्रस्तावना

मौद्रिक नीतिका उद्देश्य प्राप्ति तथा वित्तीय स्थायित्वका लागि वित्तीय बजारमा ब्याजदर स्थिरता एवम् तरलताको वाञ्छित सीमा कायम राख्न खुला बजार कारोबार सञ्चालन गरी आवश्यक उपकरणहरू प्रयोग गर्न आवश्यक देखिएकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (३) तथा नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली (दोस्रो संशोधन, २०७९), २०७८ को विनियम ३० ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम "नेपाल राष्ट्र बैंक खुला बजार कारोबारसम्बन्धी कार्यविधि (दोस्रो संशोधन, २०७९), २०७८" रहेको छ ।

(ख) यो कार्यविधि गभर्नरबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।*

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) "काउण्टरपार्टी" भन्नाले बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ ।

(ग) "खुला बजार कारोबार" भन्नाले मौद्रिक नीतिका उद्देश्य हासिल गर्न बैंकले विनियमावलीको विनियम १० बमोजिम सञ्चालन गर्ने विभिन्न मौद्रिक उपकरणको कारोबार सम्झनु पर्छ ।

(घ) "गभर्नर" भन्नाले ऐनको दफा १५ बमोजिम नियुक्त बैंकको गभर्नर सम्झनु पर्छ ।

(ङ) "डेपुटी गभर्नर" भन्नाले ऐनको दफा १६ बमोजिम नियुक्त बैंकको डेपुटी गभर्नर सम्झनु पर्छ ।

(च) "तरलता" भन्नाले वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूले बैंकमा राखेको मौज्दातलाई सम्झनु पर्छ । साथै, सो शब्दले वित्तीय प्रणालीमा उपलब्ध नगदको मौज्दातका आधारमा आर्थिक अनुसन्धान विभागले तयार गर्ने बैंकिङ प्रणालीमा विद्यमान तरलताको स्थिति बमोजिमको न्यून तथा अधिक तरलता समेतलाई जनाउँछ ।

(छ) "तोकिए बमोजिमका संस्था" भन्नाले स्थायी तरलता सुविधा उपयोग गर्न पाउने भनी मौद्रिक नीतिमा तोकिए बमोजिमका वाणिज्य बैंक ("क" वर्ग), विकास बैंक ("ख" वर्ग) र वित्त कम्पनी ("ग" वर्ग) सम्झनु पर्छ ।

(ज) "निक्षेप संकलन उपकरण" भन्नाले वित्तीय बजारमा अधिक तरलताको स्थितिमा सोको व्यवस्थापन गरी बजार ब्याजदरलाई व्यवस्थित गर्न आवश्यकता अनुसार बैंकले आफ्ना काउण्टरपार्टीबाट संकलन गरिने निक्षेप रकम सम्झनु पर्छ ।

---

*मिति २०७८/०९/०६ मा बसेको व्यवस्थापन समितिको ४५८ औं बैठकबाट स्वीकृत भई लागू गरिएको । ◙ मिति २०७९/०८/१२ मा बसेको व्यवस्थापन समितिको ५०९औं बैठकबाट स्वीकृत दोस्रो संशोधन सहितको ।

(झ) "बैंक" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ञ) "ब्याजदर करिडोर" भन्नाले अल्पकालीन ब्याजदरमा आउने उतारचढावलाई न्यूनीकरण गर्दै ब्याजदर स्थायित्व कायम गर्नका लागि मौद्रिक नीतिमा गरिएको व्यवस्थाबमोजिम बैंकले कायम गर्ने ब्याजदरका सीमाहरू सम्झनु पर्छ ।

(ट) "मौद्रिक उपकरण" भन्नाले बैंकिङ क्षेत्रमा रहेको तरलतालाई वाञ्छित सीमाभित्र राख्न बैंकद्वारा जारी गरिने विभिन्न मौद्रिक उपकरणहरू सम्झनु पर्छ ।

(ठ) "मौद्रिक नीति" भन्नाले ऐनको दफा ९४ बमोजिम बैंकबाट जारी गरिएको मौद्रिक नीति सम्झनु पर्छ । साथै, सो शब्दले मौद्रिक नीति अन्तर्गत बैंकले समय समयमा जारी गरेका अद्यावधिक एवं समीक्षासमेतलाई जनाउँछ ।◙

(ड) "विनियमावली" भन्नाले नेपाल राष्ट्र बैंक, खुला बजार कारोबार विनियमावली (दोस्रो संशोधन, २०७९), २०७८ सम्झनु पर्छ ।

(ढ) "विभाग" भन्नाले मौद्रिक व्यवस्थापन विभाग सम्झनु पर्छ ।

(ण) "विभागीय प्रमुख" भन्नाले मौद्रिक व्यवस्थापन विभागको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(त) "सचिवालय" भन्नाले खुला बजार कारोबार सञ्चालन समितिको सचिवालय सम्झनु पर्छ ।

(थ) "समिति" भन्नाले विनियमावलीको विनियम ३ को उपविनियम (१) बमोजिम गठन भएको खुला बजार कारोबार सञ्चालन समिति सम्झनु पर्छ ।

(द) "सुरक्षणपत्र" भन्नाले विनियमावलीको विनियम २६ बमोजिमका ट्रेजरी बिल्स, विकास ऋणपत्रलगायत सरकारी सुरक्षणपत्र, नेपाल राष्ट्र बैंक ऋणपत्र तथा बैंकद्वारा निर्धारित अन्य सुरक्षणपत्र सम्झनु पर्छ ।

(ध) "स्थायी तरलता सुविधा" भन्नाले अल्पकालीन तरलता व्यवस्थापनको लागि ग्राह्य सुरक्षणपत्रको धितोमा सुरक्षणपत्र धितो कारोबारसम्बन्धी सम्झौता गरेका काउण्टरपार्टीलाई बैंकले प्रदान गर्ने तरलता सुविधा सम्झनु पर्छ ।◙

## परिच्छेद-२

## खुला बजार कारोबारसम्बन्धी व्यवस्था

**३. खुला बजार कारोबार :** (१) मौद्रिक नीतिका उद्देश्यहरू हासिल गर्न अल्पकालीन एवम् संरचनात्मक प्रकृतिको तरलता व्यवस्थापनका लागि बैंकको तर्फबाट देहाय बमोजिमका खुला बजार कारोबार सञ्चालन गर्न सकिनेछ :-◙

(क) नियमित खुला बजार कारोबार

(ख) संरचनात्मक खुला बजार कारोबार

(२) वित्तीय बजारमा देखिने न्यून/अधिक तरलतालाई व्यवस्थापन गर्न समितिले प्रत्येक बुधबार बैठक बसी खुला बजार कारोबारको समीक्षा गर्नेछ । ◙

◙दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको ।

(३) वित्तीय बजारमा देखिने साधारण प्रकृतिको न्यून/अधिक तरलतालाई व्यवस्थापन गर्न समिति/विभागले बढीमा १४ दिन अवधिसम्मको लागि रिपो/रिभर्स रिपो बोलकबोल तथा निक्षेप संकलन बोलकबोलमा आधारित नियमित खुला बजार कारोबार गर्न सक्नेछ ।◙

(४) वित्तीय बजारमा तरलता प्रवाहका आन्तरिक तथा वाह्य परिसूचकहरूबाट दुई हप्ताभन्दा बढी अवधिको दीर्घकालीन प्रकृतिको तरलता असन्तुलनको अवस्था रहने देखिएमा समितिले दीर्घकालीन प्रकृतिको तरलता व्यवस्थापन र मौद्रिक नीतिको कार्यदिशाअनुरूप आवश्यकताअनुसार सोझै खरीद/बिक्री बोलकबोल, दीर्घकालीन रिपो/रिभर्स रिपो बोलकबोल, दीर्घकालीन निक्षेप संकलन बोलकबोल र नेपाल राष्ट्र बैंक ऋणपत्र उपकरणमा आधारित संरचनात्मक खुला बजार कारोबार गर्नसक्नेछ ।◙

(५) संरचनात्मक खुला बजार कारोबारमा प्रयोग हुने निश्चित भुक्तानी अवधिका ट्रेजरी विल्सको सोझै खरीद/बिक्री, दीर्घकालीन रिपो/रिभर्स रिपो र दीर्घकालीन निक्षेप संकलन उपकरण बढीमा छ महिना अवधिको तथा नेपाल राष्ट्र बैंक ऋणपत्र बढीमा एक वर्ष अवधिको हुनेछ ।◙

(६) आर्थिक अनुसन्धान विभागले तयार गर्ने तरलता अनुगमन तथा प्रक्षेपण संरचनासम्बन्धी प्रतिवेदन, बैंकिङ प्रणालीमा विद्यमान तरलताको स्थिति, निक्षेप एवम् कर्जाको परिवर्तन, अन्तर बैंक ब्याजदर, चालू खाता तथा भुक्तानी सन्तुलनको स्थिति, सरकारी राजस्व खर्चको स्थिति लगायतका अन्य आर्थिक तथा वित्तीय सूचकका आधारमा खुला बजार कारोबारका किसिम तथा प्रयोग गरिने उपकरण छनौट गर्न सकिनेछ । ◙

(७) मौद्रिक नीतिमा व्यवस्था भएबमोजिम अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर नीतिगत दरको तुलनामा तोकिएको प्रतिशतभन्दा बढी बिन्दुले माथि/तल भएमा विभागले कुनै पनि कार्य दिनमा दैनिक रु.३० अर्ब सम्मको नियमित खुला बजार कारोबारअन्तर्गतका रिपो/रिभर्स रिपो तथा निक्षेप संकलन उपकरण दैनिक रूपमा जारी गरी तरलता व्यवस्थापन गर्न सक्नेछ । यसका लागि विभागले आर्थिक अनुसन्धान विभागबाट प्राप्त तरलता अनुगमन तथा प्रक्षेपण संरचना (Liquidity Monitoring and Forecasting Framework) सम्बन्धी प्रतिवेदन, बैंकिङ प्रणालीमा विद्यमान तरलताको स्थितिसम्बन्धी विवरणका आधारमा विभागीय निर्णय गरी खुला बजार कारोबार गर्न सक्नेछ । विभागीय अख्तियारीअन्तर्गत विभागबाट सम्पन्न गरिएका खुला बजार कारोबारसम्बन्धी विवरण तत्पश्चात् बस्ने समितिको बैठकमा जानकारी गराउनु पर्नेछ ।◙

(८) बुधबारका दिन सार्वजनिक विदा परी समितिको नियमित बैठक बस्न नसक्ने अवस्था भएमा आवश्यकता अनुसार बिदाभन्दा अघिल्लो वा पछिल्लो दिन समितिको बैठक बस्न सक्नेछ । तर, बजार तरलताको अवस्था तथा बैंकको आर्थिक अनुसन्धान विभागले तयार गर्ने बैंकिङ प्रणालीमा विद्यमान तरलताको स्थिति, तरलता अनुगमन तथा प्रक्षेपण संरचना (Liquidity Monitoring and Forecasting Framework) सम्बन्धी प्रतिवेदनको सिफारिशका आधारमा जुनसुकै दिनमा समेत समितिको बैठक बसी खुला बजार कारोबार संचालन गर्न सकिनेछ । ◙

---

◙ दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको ।

## परिच्छेद-३

## निक्षेप संकलन उपकरणसम्बन्धी व्यवस्था

**४. निक्षेप संकलन उपकरण :** (१) वित्तीय बजारमा साधारण प्रकृतिको अधिक तरलताको स्थिति देखिएमा सोको व्यवस्थापन गरी बजार ब्याजदरलाई व्यवस्थित गर्न समिति/विभागले आवश्यकताअनुसार नियमित खुला बजार कारोबार अन्तर्गत बढीमा १४ दिन अवधिसम्मका लागि तरलता प्रशोचन गर्न निक्षेप संकलन उपकरण प्रयोग गर्न सक्नेछ । यदि अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर नीतिगतदरको तुलनामा मौद्रिक नीतिमा तोकिएको विन्दुभन्दा बढीले घट्न गएमा विभागले कुनै पनि कार्यदिनमा दैनिक रु. ३० अर्ब सिमासम्म निक्षेप संकलन कारोबार सञ्चालन गर्नेछ ।◙

(२) निक्षेप संकलन गरिने अवधि, कुल रकम, बोलकबोल मिति, निष्काशन मिति लगायतका विषय तथा शर्त समिति/विभागले निर्धारण गरेबमोजिम हुनेछ र विभागले सोही बमोजिमको सार्वजनिक सूचना बैंकको वेबसाईट वा विद्युतीय प्रणालीमार्फत् जारी गरी बोलकबोलका लागि आव्हान गर्नुपर्नेछ ।◙

(३) निक्षेप संकलनको बोलकबोल बहुब्याजदर प्रणालीमा गरिनेछ ।

**५. निक्षेप संकलन उपकरण उपयोग गर्न बोलकबोलमा भाग लिनुपर्ने :** (१) निक्षेप संकलन बोलकबोलमा काउण्टरपार्टी मात्र सहभागी हुन पाउने छन् ।

(२) निक्षेप संकलन बोलकबोलमा सहभागी हुने काउण्टरपार्टीले अनुसूची-१ बमोजिमको बोलपत्र फाराम तोकिएको समयसीमाभित्र विभागमा पेश गर्नुपर्नेछ । अथवा, बैंकले आव्हान गरेको सूचनाको आधारमा काउण्टरपार्टीले तोकिएको प्रक्रियाअनुसार प्रचलनमा रहेको विद्युतीय माध्यम (Online) मार्फत्समेत बोलकबोल गर्न सक्नेछन् ।

(३) निक्षेप संकलन बोलकबोल उपकरणको न्युनतम बोल मूल्य रु.१० करोड र रु.५ करोडले भाग गर्दा निःशेष भाग जाने अंकमा अधिकतम आव्हान गरिएको रकमसम्म बोल गर्न सकिनेछ ।

(४) काउण्टरपार्टीले बोल फाराममा आफूले निक्षेपवापत् जम्मा गर्न चाहेको रकम र ब्याजदर (दशमलव पछिको हकमा चार अंकसम्म) उल्लेख गर्नु पर्नेछ ।

(५) निक्षेप संकलन बोलकबोल उपकरण सञ्चालन गर्दा धितोको रूपमा सुरक्षणपत्रको उपयोग गरिने छैन ।

**६. निक्षेप संकलन उपकरणको बाँडफाँट :** (१) निक्षेप संकलनको रकम बाँडफाँट गर्दा काउण्टरपार्टीहरूले बोल गरेका ब्याजदरअनुसार सबैभन्दा कम ब्याजदर बोल गर्ने रकमलाई प्राथमिकता क्रममा राखी आव्हान गरेको रकमसम्म क्रमशः बाँडफाँट गरिनेछ ।

(२) समान ब्याजदर उल्लेख भएका बोलपत्रहरूको रकम समावेश गर्दा कुल निष्काशित रकमभन्दा बढी भएमा सो ब्याजदरको रकम समानुपातिक रूप (Pro-rata Basis) मा बाँडफाँट गरिनेछ ।

(३) स्वीकृत बोलपत्र अनुसारको रकम जम्मा गरिएका काउण्टरपार्टीलाई विभागले अनुसूची-२ बमोजिमको निस्सा (प्रमाण-पत्र) प्रदान गर्नेछ । परिपक्व मितिमा सो वापतको साँवा ब्याज भुक्तानी भएपछि यो प्रमाणपत्र स्वतः रद्द हुनेछ ।

---

◙ दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको

७. **निक्षेप संकलन उपकरणको रकम जम्मा तथा भुक्तानी :** (१) स्वीकृत भएका बोलपत्र वापतको रकम बैंकले सम्बन्धित काउण्टरपार्टीको यस बैंकमा रहेको खाता खर्च गरी जम्मा गर्नेछ ।

(२) बोलपत्र स्वीकृत भएका काउण्टरपार्टीको खातामा सो उपकरण निष्काशन गरिने दिनमा पर्याप्त मौज्दात नभएमा त्यस्ता काउण्टरपार्टीको स्वीकृत बोल रकम रद्द गरी सोको २.५० प्रतिशतका दरले हर्जाना सहित छ महिनासम्म खुला बजार कारोबार तथा ब्याजदर करिडोर अन्तर्गतका कुनै पनि बोलकबोलमा सहभागी हुन बन्देज लगाइनेछ ।◙

(३) संकलित निक्षेपको भुक्तानी अवधि समाप्त भए पछि बैंकले निर्धारित ब्याजसहित निक्षेप रकम सम्बन्धित काउण्टरपार्टीको खातामा जम्मा गरी दिनेछ ।

(४) निक्षेप संकलन गरिएको रकम सम्बन्धित काउण्टरपार्टीको लगानी पोर्टफोलियो (Investment Portfolio) हुने भएकोले सो रकमलाई अनिवार्य नगद मौज्दात (CRR) मा गणना गर्न पाइने छैन । तर, यस बैंकको निर्देशनबमोजिम कायम राख्नु पर्ने वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) र खुद तरल सम्पत्ति अनुपात (Net Liquid Asset to Total Deposit Ratio) मा उक्त रकम गणना गर्न सकिनेछ । ◙

(५) संकलित निक्षेप रकम भुक्तानी मितिअगावै सम्बन्धित काउण्टरपार्टीलाई फिर्ता दिइने छैन । तर निक्षेप संकलन वापत प्रदान गरिएको प्रमाणपत्र भुक्तानी मितिअगावै निखन्ने गरी यस बैंकबाहेक अन्य बैंक तथा वित्तीय संस्थामा धितोको रूपमा प्रयोग गर्न सकिनेछ ।

## परिच्छेद-४

## रिपो बोलकबोलसम्बन्धी व्यवस्था

८. **रिपो बोलकबोल :** (१) वित्तीय प्रणालीमा साधारण प्रकृतिको न्यून तरलताको अवस्था देखिएमा समिति/विभागले नियमित खुला बजार कारोबारअन्तर्गत बढीमा चौध दिनसम्मको लागि अल्पकालीन रिपो बोलकबोल कारोबारमार्फत् तरलता प्रवाह गर्न सक्नेछ । यदि अन्तर बैंक कारोबारको भारित औसत ब्याजदर नीतिगत दरको तुलनामा मौद्रिक नीतिमा तोकिएको बिन्दुभन्दा बढीले माथि हुन गएमा विभागले कुनै पनि कार्यदिनमा दैनिक रु. ३० अर्बको सीमासम्म रिपो बोलकबोल कारोबार सञ्चालन गर्नेछ । यस्तो कारोबार गर्दा नेपाल राष्ट्र बैंकले काउण्टरपार्टीहरूसँग रहेका योग्य सुरक्षणपत्र निश्चित अवधिका लागि खरीद गरी तरलता प्रवाह गर्नेछ ।◙

(२) रिपो कारोबार गर्दा नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली (दोस्रो संशोधन, २०७९), २०७८ बमोजिम बैंकले भविष्यमा निश्चित मितिमा निश्चित रकम बरावरको सुरक्षणपत्र खरीद/बिक्री गर्ने प्रतिवद्धतासहित काउण्टरपार्टीसँग माष्टर रिपर्चेज एग्रीमेण्ट गर्नेछ । बैंकसँग माष्टर रिपर्चेज एग्रीमेण्ट नगरेका काउण्टरपार्टी रिपो बोलकबोलमा सहभागी हुन योग्य मानिने छैनन् ।◙

(३) रिपो बोलकबोल गरिने कुल रकम, अवधि, बोलकबोल मिति, निष्काशन मिति लगायत अन्य प्रावधान तथा शर्तहरू समिति/विभागले निर्धारण गरेबमोजिम हुनेछ र सोही

---

◙ दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको

बमोजिम विभागले रिपो बोलकबोल आव्हानको सार्वजनिक सूचना बैंकको वेबसाइट वा अनलाइन माध्यमबाट जारी गर्नु पर्नेछ ।◙

(४) रिपोको बोलकबोल बहु ब्याजदर प्रणालीमा गरिनेछ ।

**९. रिपो उपकरण उपयोग गर्न बोलकबोलमा भाग लिनुपर्ने :** (१) रिपो सुविधा उपयोग गर्ने काउण्टरपार्टीले अनुसूची-३ बमोजिमको बोलपत्र फाराम तोकिएको समय सीमाभित्र विभागमा पेश गर्नुपर्नेछ । अथवा, बैंकले आव्हान गरेको सूचनाको आधारमा काउण्टरपार्टीले तोकिएको प्रक्रियाअनुसार प्रचलनमा रहेको विद्युतीय माध्यम (Online) मार्फत् समेत बोलकबोल गर्न सक्नेछन् ।

(२) रिपोको बोलकबोल सञ्चालन गर्दा ग्राह्य सुरक्षणपत्रको प्रयोग गरिने छ । सुरक्षणपत्रको मूल्यको अधिकतम ९० प्रतिशत रकम मात्र रिपो सुविधा वापत उपयोग गर्न सकिने छ ।

(३) रिपो सुविधावापत्को सम्पूर्ण रकम ननिखनिएसम्म धितोमा रहेका सुरक्षणपत्रहरू बैंकको अभिलेखमा वा प्रचलित कानूनबमोजिम तोकिएका निकायमा रोक्का रहने छन् ।

(४) रिपो बोलकबोलमा भाग लिने काउण्टरपार्टीले बोलकबोल फारममा कारोबार गरिने सुरक्षणपत्रको विवरण पेश गर्नु पर्नेछ र बोल रकमको बाँडफाँट अगावै बोलपत्रमा उल्लेखित सुरक्षणपत्रको सक्कलै प्रति (ब्याज पुर्जा भएका सुरक्षणपत्र भए सोसमेत) विभागमा पेश गर्नु पर्नेछ । तोकिएको समय सीमाभित्र सक्कलै सुरक्षणपत्र संलग्न नगर्ने काउण्टरपार्टीलाई माष्टर रिपर्चेज एग्रीमेण्टमा भएको व्यवस्था अनुरूपको कारबाही हुनेछ ।

(५) रिपो बोलकबोलको न्यूनतम बोल मूल्य रु.१० करोड र रु.५ करोडले भाग गर्दा निःशेष भाग जाने अंकमा अधिकतम आव्हान गरिएको रकमसम्म बोल गर्न सकिनेछ ।

(६) काउण्टरपार्टीले बोल फाराममा आफूले बोलकबोल गरेको रकम र ब्याजदर (दशमलव पछिको हकमा ४ अंकसम्म) उल्लेख गर्नु पर्नेछ ।

**१०. रिपो बोलकबोलको रकम बाँडफाँट :** (१) रिपो बोलकबोलको लागि आव्हान गरिएको रकम बाँडफाँट गर्दा बोल रकमको ब्याजदरअनुसार सबभन्दा बढी ब्याजदर बोल गर्ने काउण्टरपार्टीलाई प्राथमिकता क्रममा राखी आव्हान गरेको रकमसम्म क्रमशः बाँडफाँट गरिनेछ ।

(२) समान ब्याजदर उल्लेख भएका बोलपत्रहरूको रकम समावेश गर्दा कुल निष्काशित रकमभन्दा बढी भएमा सो ब्याजदरको रकमलाई समानुपातिक रूप (Pro-rata Basis) मा बाँडफाँट गरिनेछ ।

**११. रिपो बोलकबोलको रकम जम्मा तथा भुक्तानी :** (१) बैंकले स्वीकृत रिपो बोलपत्रको रकम सम्बन्धित काउण्टरपार्टीको यस बैंकमा रहेको खातामा जम्मा गरी दिनेछ ।

(२) रिपो बोलकबोलको भुक्तानी अवधि समाप्त भएपछि बैंकले साँवा र निर्धारित ब्याज रकम सम्बन्धित काउण्टरपार्टीको खाता खर्च गरी भुक्तानी लिनेछ ।

(३) रिपो रकमको भुक्तानी अवधिमा सोको निर्धारित ब्याजसहित साँवा रकम भुक्तानीका लागि सम्बन्धित काउण्टरपार्टीको खातामा पर्याप्त रकम नभएमा माष्टर रिपर्चेज एग्रीमेण्टमा भएको व्यवस्था अनुरूपको कारबाही हुनेछ ।

(४) रिपो बोलकबोलको स्वीकृत रकम काउण्टरपार्टीको खातामा जम्मा भएपछि सो कारोबारमा राखिएको सुरक्षणपत्र माथि बैंकको हक कायम हुनेछ र कारोबारको साँवा ब्याज लगायत सम्पूर्ण रकम भुक्तानी हुनासाथ स्वतः ऋणीमा हक हस्तान्तरण हुनेछ ।

(५) रिपो कारोबारमार्फत् तरलता उपभोग गर्ने काउण्टरपार्टीको सो कारोबारमा प्रयोग गरिएको सुरक्षणपत्र बैंकको निर्देशनबमोजिम कायम राख्नु पर्ने वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) र खुद तरल सम्पत्ति अनुपात (Net Liquid Asset to Total Deposit Ratio) मा गणना गर्न पाइने छैन । ◙

## परिच्छेद-५

## रिभर्स रिपो बोलकबोल सम्बन्धी व्यवस्था

**१२. रिभर्स रिपो बोलकबोल :** (१) वित्तीय प्रणालीमा साधारण प्रकृतिको अधिक तरलता प्रशोचन गर्न समिति/विभागले नियमित खुला बजार कारोबारअन्तर्गत बढीमा चौध दिनसम्मका लागि रिभर्स रिपो बोलकबोल कारोबारमार्फत् तरलता प्रशोचन गर्न सक्नेछ । यदि अन्तर बैंक कारोबारको भारित औसत ब्याजदर नीतिगत दरको तुलनामा मौद्रिक नीतिमा तोकिएको बिन्दुभन्दा बढीले तल हुन गएमा विभागले कुनै पनि कार्य दिनमा दैनिक रु. ३० अर्बको सीमासम्म रिभर्स रिपो बोलकबोल कारोबार सञ्चालन गर्नेछ । यस्तो कारोबार गर्दा नेपाल राष्ट्र बैंकले आफूसँग रहेका योग्य सुरक्षणपत्र निश्चित अवधिका लागि काउण्टरपार्टीहरूलाई बिक्री गरी उनीहरूको तरलता प्रशोचन गर्नेछ ।◙

(२) रिभर्स रिपो कारोबार गर्दा नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली (दोस्रो संशोधन, २०७९), २०७८ बमोजिम बैंकले भविष्यमा निश्चित मितिमा निश्चित रकम बराबरको सुरक्षणपत्र खरीद/बिक्री गर्ने प्रतिवद्धतासहित काउण्टरपार्टीसँग माष्टर रिपर्चेज एग्रीमेण्ट गर्नेछ । बैंकसँग यस्तो सम्झौता नगरेका काउण्टरपार्टी रिभर्स रिपो बोलकबोलमा सहभागी हुन योग्य मानिने छैनन् ।◙

(३) रिभर्स रिपो बोलकबोल गर्दा राखिने सुरक्षणपत्र, कुल रकम, अवधि, बोलकबोल मिति, निष्काशन मिति लगायत अन्य विषय तथा शर्तहरू समिति/विभागले निर्धारण गरेबमोजिम हुनेछ र सोही बमोजिम विभागले रिभर्स रिपो बोलकबोल आव्हानको सूचना बैंकको वेबसाइट वा अनलाइन माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ ।◙

(४) रिभर्स रिपोको बोलकबोल बहु ब्याजदर प्रणालीमा गरिनेछ ।

**१३. रिभर्स रिपो उपयोग गर्न बोलकबोलमा भाग लिनुपर्ने :** (१) रिभर्स रिपो उपयोग गर्ने काउण्टरपार्टीले अनुसूची-४ बमोजिमको बोलपत्र फाराम तोकिएको समयसीमाभित्र विभागमा पेश गर्नुपर्नेछ । अथवा, बैंकले आव्हान गरेको सूचनाको आधारमा काउण्टरपार्टीले तोकिएको प्रक्रियाअनुसार प्रचलनमा रहेको विद्युतीय माध्यम (Online) मार्फत् समेत बोलकबोल गर्न सक्नेछन् ।

(२) रिभर्स रिपो बोलकबोल सञ्चालन गर्दा ग्राह्य सुरक्षणपत्रको प्रयोग गरिने छ ।

(३) रिभर्स रिपो बोलकबोलको न्यूनतम बोल मूल्य रु.१० करोड र रु.५ करोडले भाग गर्दा निःशेष भाग जाने अंकमा अधिकतम आव्हान गरिएको रकमसम्म बोल गर्न सकिनेछ ।

◙ दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको

(४) काउण्टरपार्टीले बोल फाराममा आफूले बोलकबोल गरेको रकम र ब्याजदर (दशमलव पछिको हकमा ४ अंकसम्म) उल्लेख गर्नु पर्नेछ ।

**१४. रिभर्स रिपो बोलकबोलको रकम बाँडफाँट :** (१) रिभर्स रिपो बोलकबोलको लागि आव्हान गरिएको रकम बाँडफाँट गर्दा बोल रकमको ब्याजदर अनुसार सबभन्दा कम ब्याजदर बोल गर्ने काउण्टरपार्टीलाई प्राथमिकता क्रममा राखी आव्हान गरेको रकमसम्म क्रमशः बाँडफाँट गरिनेछ ।

(२) समान ब्याजदर उल्लेख भएका बोलपत्रहरूको रकम समावेश गर्दा कुल निष्काशित रकमभन्दा बढी भएमा सो ब्याजदरको रकमलाई समानुपातिक रूप (Pro-rata Basis) मा बाँडफाँट गरिनेछ ।◙

(३) स्वीकृत बोलपत्रअनुसारको रकम प्राप्त गरिसकेपछि रकम जम्मा गर्ने काउण्टरपार्टीलाई विभागले अनुसूची-५ बमोजिमको निस्सा (प्रमाण-पत्र) प्रदान गर्नेछ । परिपक्व मितिमा सो वापतको साँवा ब्याज भुक्तानी भएपछि यो प्रमाणपत्र स्वतः रद्द हुनेछ ।

**१५. रिभर्स रिपो बोलकबोलको रकम जम्मा तथा भुक्तानी :** (१) स्वीकृत बोलपत्रको रकम निष्काशन मितिमा सम्बन्धित काउण्टरपार्टीको यस बैंकमा रहेको खाता खर्च गरी जम्मा गरिनेछ ।

(२) बोलपत्र स्वीकृत भएका काउण्टरपार्टीको खातामा सो उपकरण निष्काशन गरिने दिनमा पर्याप्त मौज्दात नभएमा त्यस्ता काउण्टरपार्टीलाई माष्टर रिपर्चेज एग्रीमेण्टमा भएको व्यवस्था अनुरूपको कारबाही हुनेछ ।

(३) रिभर्स रिपो बोलकबोलको भुक्तानी अवधि समाप्त भएपछि साँवा र निर्धारित ब्याज रकम सम्बन्धित काउण्टरपार्टीको खातामा जम्मा गरी हिसाब मिलान गरिनेछ ।

(४) रिभर्स रिपो बोलकबोलको स्वीकृत रकम काउण्टरपार्टीको खाताबाट खर्च भएपछि सो कारोबारमा राखिएको सुरक्षणपत्र माथि सम्बन्धित काउण्टरपार्टीको हक कायम हुनेछ र कारोबारको साँवा ब्याज रकम भुक्तानी हुनासाथ स्वतः बैंकमा हक हस्तान्तरण हुनेछ ।

(५) रिभर्स रिपो रकम सम्बन्धित काउण्टरपार्टीको लगानी पोर्टफोलियो (Investment Portfolio) हुने भएकोले सो रकमलाई अनिवार्य नगद मौज्दात (CRR) मा गणना गर्न पाइने छैन । तर, यस बैंकको निर्देशनबमोजिम कायम राख्नु पर्ने वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) र खुद तरल सम्पत्ति अनुपात (Net Liquid Asset to Total Deposit Ratio) मा उक्त रकम गणना गर्न सकिनेछ । ◙

(६) रिभर्स रिपोको रकम भुक्तानी मिति अगावै सम्बन्धित काउण्टरपार्टीलाई फिर्ता दिइने छैन । तर रिभर्स रिपो बापत प्रदान गरिएको प्रमाणपत्र भुक्तानी मिति अगावै निखन्ने गरी यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थामा धितोको रूपमा प्रयोग गर्न सकिने छ ।

---

◙ दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको

## परिच्छेद-६
## सोझै खरीदसम्बन्धी व्यवस्था

**१६. सोझै खरीद :** (१) वित्तीय प्रणालीमा दीर्घकालीन प्रकृतिको न्यून तरलताको स्थिति रहेको समितिलाई लागेमा संरचनात्मक खुला बजार कारोबार अन्तर्गत आवश्यकता अनुसारको अवधिका लागि सोझै खरीद बोलकबोलमार्फत् तरलता प्रवाह गर्न सकिनेछ । यस्तो कारोबार गर्दा बैंकले तोकिएको भुक्तानी अवधि बाँकी रहेका ट्रेजरी बिल्स काउण्टरपार्टीबाट खरीद गर्नेछ ।

(२) सोझै खरीद उपकरण निष्काशन गर्दा ट्रेजरी बिल्सको मूल्यमा बोलकबोल गराई बहुमूल्य विधि प्रयोग गरिने छ ।

(३) सोझै खरीद गरिने कुल रकम, बोलकबोल मिति, निष्काशन मिति, ट्रेजरी बिल्सको भुक्तानी अवधि लगायत विषय तथा शर्तहरू समितिले निर्धारण गरेबमोजिम हुनेछ र विभागले सोही बमोजिम बैंकको वेवसाइट वा अनलाइन माध्यमबाट सार्वजनिक सूचनामार्फत् निष्काशनको आव्हान गर्नुपर्नेछ ।

**१७. सोझै खरीद बोलकबोल उपयोग गर्न बोलकबोलमा भाग लिनुपर्ने** : (१) सोझै खरीद बोलकबोलमा सहभागी हुने काउण्टरपार्टीले अनुसूची-६ बमोजिमको बोलपत्र फाराम तोकिएको समय सीमाभित्र विभागमा पेश गर्नुपर्नेछ । अथवा, बैंकले आव्हान गरेको सूचनाको आधारमा काउण्टरपार्टीले तोकिएको प्रक्रियाअनुसार प्रचलनमा रहेको विद्युतीय माध्यम (Online) मार्फत् समेत बोलकबोल गर्न सक्नेछन् ।

(२) सोझै खरीद बोलकबोलमा सहभागी हुने काउण्टरपार्टीहरूले आफ्नो स्वामित्वमा रहेका तोकिए बमोजिमको भुक्तानी अवधि बाँकी भएका ट्रेजरी बिल्सका लागि बोल गर्नु पर्नेछ ।

(३) सोझै खरीद बोलकबोलमा एउटै काउण्टरपार्टीले आव्हान गरिएको रकमसम्म एकभन्दा बढी बोल गर्न सक्नेछन् तर एउटा ट्रेजरी बिल्सका लागि एउटा मात्र बोल गर्नुपर्नेछ ।

(४) बोलकबोलमा भाग लिने काउण्टरपार्टीले बोलपत्र फारममा आफूले बिक्री गर्न चाहेको ट्रेजरी बिल्सको क्रमसंख्या, बाँकी भुक्तानी अवधि, बोल रकम र बोलमूल्य उल्लेख गर्नु पर्नेछ र सोझै खरीद बाँडफाँट अगावै बोलपत्रमा उल्लेखित ट्रेजरी बिल्सको सक्कलै प्रति विभागमा पेश गर्नु पर्नेछ । तोकिएको समय सीमाभित्र सक्कलै ट्रेजरी बिल्स संलग्न नगर्ने काउण्टरपार्टीलाई स्वीकृत रकमको २.५० प्रतिशत दरको हर्जाना सहित स्वीकृत रकम रद्द गरी आगामी ६ महिनासम्म लागि खुला बजार कारोबार तथा ब्याजदर करिडोरअन्तर्गत हुने कुनै पनि बोलकबोलमा सहभागी हुन बन्देज लगाइने छ ।

(५) सोझै खरीद बोलकबोलको न्युनतम बोल मूल्य रु.५ करोड र रु.५ करोडले भाग गर्दा नि:शेष भाग जाने अंकमा अधिकतम आव्हान गरिएको रकमसम्म बोल गर्न सकिनेछ ।

**१८. सोझै खरीद बोलकबोलको रकम बाँडफाँट :** (१) सोझै खरीद बोलकबोलको लागि आव्हान गरिएको रकम बाँडफाँट गर्दा बोल बमोजिमको वार्षिक प्रतिफल दर (Yield Rate) गणना गरी सबभन्दा बढी प्रतिफल दर (Yield Rate) बोल गर्ने काउण्टरपार्टीलाई प्राथमिकता क्रममा राखी आव्हान गरेको रकमसम्म क्रमश: बाँडफाँट गरिनेछ ।

२)	समान वार्षिक प्रतिफल दर (Yield Rate) भएका बोलपत्रहरूको रकम समावेश गर्दा कुल निष्काशित रकमभन्दा बढी भएमा सो दरको बोल रकमलाई समानुपातिक रूप (Pro-rata Basis) मा बाँडफाँट गरिनेछ ।

**१९. सोझै खरीद बोलकबोलको रकम जम्मा :** (१) स्वीकृत भएका बोलपत्रको रकम निष्काशन मितिमा सम्बन्धित काउण्टरपार्टीको यस बैंकमा रहेको खातामा जम्मा गरिनेछ ।

(२) बैंकले सोझै खरीद बोलकबोल वापतको स्वीकृत रकम सम्बन्धित काउण्टरपार्टीलाई भुक्तानी गरेपछि सो ट्रेजरी बिल्सको स्वामित्व आफ्नो नाममा ल्याउने छ ।

## परिच्छेद-७

## सोझै बिक्रीसम्बन्धी व्यवस्था

**२०. सोझै बिक्री :** (१) वित्तीय प्रणालीमा दीर्घकालीन प्रकृतिको अधिक तरलता भएको विषयमा समिति सन्तुष्ट भएमा आवश्यकताअनुसारको अवधिका लागि सोझै बिक्री बोलकबोल कारोबारमार्फत् तरलता प्रशोचन गर्न सकिनेछ । यस्तो कारोबार गर्दा बैंकले आफ्नो स्वामित्वमा रहेका तोकिएको भुक्तानी अवधि बाँकी रहेका ट्रेजरी बिल्स काउण्टरपार्टीहरूलाई बिक्री गर्नेछ ।

(२) सोझै बिक्री उपकरण निष्काशन गर्दा ट्रेजरी बिल्सको मूल्यमा बोलकबोल गराई बहुमूल्य विधिको प्रयोग गरिने छ ।

(३) सोझै बिक्री गरिने ट्रेजरी बिल्सको क्रम संख्या, भुक्तानी मिति, कुल रकम, बोलकबोल मिति, निष्काशन मिति लगायत विषय तथा शर्तहरू समितिले निर्धारण गरेबमोजिम हुनेछ र विभागले सोही बमोजिम बैंकको वेवसाइट वा विद्युतीय माध्यमबाट सार्वजनिक सूचनामार्फत् निष्काशनको आव्हान गर्नु पर्नेछ ।

**२१. सोझै बिक्री उपकरण उपयोग गर्न बोलकबोलमा भाग लिनुपर्ने** : (१) सोझै बिक्री बोलकबोलमा सहभागी हुने काउण्टरपार्टीले अनुसूची-७ बमोजिमको बोलपत्र फाराम तोकिएको समय सीमाभित्र विभागमा पेश गर्नुपर्नेछ । साथै, बैंकले आव्हान गरेको सूचनाको आधारमा काउण्टरपार्टीले तोकिएको प्रक्रियाअनुसार प्रचलनमा रहेको विद्युतीय माध्यम (Online) मार्फत् समेत बोलकबोल गर्न सक्नेछन् ।

(२) सोझै बिक्री बोलकबोलमा सहभागी हुने काउण्टरपार्टीले तोकिए बमोजिमका ट्रेजरी बिल्सका लागि बोल गर्नु पर्नेछ । तर एउटै काउण्टरपार्टीले आव्हान गरिएको रकमसम्म अलग अलग वा बहुमूल्यमा समेत बोल गर्न सक्नेछन् ।

(३) सोझै बिक्री बोलकबोलको न्यूनतम बोल मूल्य रु.५ करोड र रु.५ करोडले भाग गर्दा निःशेष भाग जाने अंकमा अधिकतम आव्हान गरिएको रकमसम्म बोल गर्न सकिनेछ ।

(४) काउण्टरपार्टीले बोल फाराममा आफूले खरीद बोलकबोल गरेको ट्रेजरी बिल्स र बोल मूल्य उल्लेख गर्नु पर्नेछ ।

**२२. सोझै बिक्री बोलकबोलको रकम बाँडफाँट :** (१) सोझै बिक्री बोलकबोलको लागि आव्हान गरिएको रकम बाँडफाँट गर्दा बोल बमोजिमको मूल्यअनुसार सबभन्दा बढी मूल्य बोल गर्ने काउण्टरपार्टीलाई प्राथमिकता क्रममा राखी आव्हान गरेको रकमसम्म क्रमशः बाँडफाँट गरिनेछ ।

(२) समान मूल्य उल्लेख भएका बोलपत्रहरूको रकम समावेश गर्दा कुल निष्काशित रकमभन्दा बढी भएमा सो मूल्यको बोल रकमलाई समानुपातिक रूप (Pro-rata Basis) मा बाँडफाँट गरिनेछ ।

२३. **सोझै बिक्री बोलकबोलको रकम जम्मा :** (१) स्वीकृत भएका बोलपत्रको रकम बैंकले निष्काशन मितिमा सम्बन्धित काउण्टरपार्टीको यस बैंकमा रहेको खाता खर्च गरी आफ्नो खातामा जम्मा गर्नेछ ।

(२) उपकरण निष्काशन गरिने दिनमा बोलपत्र स्वीकृत भएका काउण्टरपार्टीको खातामा पर्याप्त मौज्दात नभएमा त्यस्ता काउण्टरपार्टीलाई स्वीकृत रकम रद्द गरी सोको २.५० प्रतिशतका दरले हर्जाना सहित ६ महिनासम्म खुला बजार कारोबार तथा ब्याजदर करिडोर अन्तर्गतका कुनै पनि बोलकबोलमा सहभागी हुन बन्देज लगाइनेछ ।

(३) बैंकले सोझै बिक्री बोलकबोल वापतको स्वीकृत रकम प्राप्त गरेपछि सो ट्रेजरी बिल्सको स्वामित्व सम्बन्धित काउण्टरपार्टीको नाममा हस्तान्तरण गरिदिने छ । यसरी स्वाभित्व हस्तान्तरण गर्दा आधिकारिक निकायमा नियमानुसार लाग्ने दस्तुर सम्बन्धित काउण्टरपार्टीले नै व्यहोर्नु पर्नेछ ।

## परिच्छेद-८

## दीर्घकालीन निक्षेप संकलन उपकरणसम्बन्धी व्यवस्था

२४. **दीर्घकालीन निक्षेप संकलन उपकरण :** (१) वित्तीय बजारमा दीर्घकालीन प्रकृतिको अधिक तरलताको स्थिति देखिएमा सोको व्यवस्थापन गरी बजार ब्याजदरलाई व्यवस्थित गर्न समितिले आवश्यकताअनुसार कुनै पनि दिन संरचनात्मक खुला बजार कारोबारअन्तर्गत बढीमा ६ महिना अवधिको दीर्घकालीन निक्षेप संकलन उपकरण प्रयोग गर्न सक्नेछ ।

(२) दीर्घकालीन निक्षेप संकलनको अवधि, कुल रकम, बोलकबोल मिति, निष्काशन मिति लगायतका विषय तथा शर्त समितिले निर्धारण गरेबमोजिम हुनेछ र विभागले सोही बमोजिमको सार्वजनिक सूचना बैंकको वेबसाईट वा अनलाईनमार्फत् जारी गरी बोलकबोलका लागि आव्हान गर्नेछ ।

(३) दीर्घकालीन निक्षेप संकलनको बोलकबोल बहु ब्याजदर प्रणालीमा गरिनेछ ।

२५. **दीर्घकालीन निक्षेप संकलन उपकरण उपयोग गर्न बोलकबोलमा भाग लिनुपर्ने :** (१) दीर्घकालीन निक्षेप संकलन बोलकबोलमा मौद्रिक नीतिमा व्यवस्था भए बमोजिमका काउण्टरपार्टीले मात्र सहभागी हुन पाउने छन् ।

(२) बोलकबोलमा सहभागी हुने काउण्टरपार्टीले अनुसूची- १ बमोजिमको बोलपत्र फाराम तोकिएको समयसीमाभित्र विभागमा पेश गर्नुपर्नेछ । अथवा, बैंकले आव्हान गरेको सूचनाको आधारमा काउण्टरपार्टीले तोकिएको प्रक्रियाअनुसार प्रचलनमा रहेको विद्युतीय माध्यम (Online) मार्फत् समेत बोलकबोल गर्न सक्नेछन् ।

(३) दीर्घकालीन निक्षेप संकलन उपकरणको न्यूनतम बोल मूल्य रु.१० करोड र रु.५ करोडले भाग गर्दा नि:शेष भाग जाने अंकमा अधिकतम आव्हान गरिएको रकमसम्म बोल गर्न सकिनेछ ।

(४) काउण्टरपार्टीले बोलपत्र फाराममा आफूले निक्षेपवापत जम्मा गर्न चाहेको रकम र ब्याजदर (दशमलव पछिको हकमा ४ अंकसम्म) उल्लेख गर्नु पर्नेछ ।

(५) दीर्घकालीन निक्षेप संकलन उपकरण सञ्चालन गर्दा धितोको रूपमा सुरक्षणपत्रको उपयोग गरिने छैन ।

२६. **दीर्घकालीन निक्षेप संकलन उपकरणको बाँडफाँट :** (१) दीर्घकालीन निक्षेप संकलनको रकम बाँडफाँट गर्दा काउण्टरपार्टीहरूले बोल गरेका ब्याजदरअनुसार सबभन्दा कम दर बोल गर्ने रकमलाई प्राथमिकता क्रममा राखी आव्हान गरेको रकमसम्म क्रमशः बाँडफाँट गरिनेछ ।

(२) समान ब्याजदर उल्लेख भएका बोलपत्रहरूको रकम समावेश गर्दा कुल निष्काशित रकमभन्दा बढी भएमा सो ब्याजदरको रकमलाई समानुपातिक रूप (Pro-rata Basis) मा बाँडफाँट गरिनेछ ।

(३) स्वीकृत बोलपत्र अनुसारको रकम प्राप्त गरिसकेपछि रकम जम्मा गर्नेकाउण्टरपार्टीलाई विभागले अनुसूची-२ बमोजिमको निस्सा (प्रमाण-पत्र) प्रदान गर्नेछ। परिपक्व मितिमा सो वापतको साँवा ब्याज भुक्तानी भएपछि यो प्रमाणपत्र स्वतः रद्द हुनेछ ।

२७. **दीर्घकालीन निक्षेप संकलन उपकरणको रकम जम्मा तथा भुक्तानी :** (१) स्वीकृत भएका बोलपत्र वापतको रकम बैंकले सम्बन्धित काउण्टरपार्टीको यस बैंकमा रहेको खाता खर्च गरी जम्मा गर्नेछ ।

(२) बोलपत्र स्वीकृत भएका काउण्टरपार्टीको खातामा सो उपकरण निष्काशन गरिने दिनमा पर्याप्त मौज्दात नभएमा त्यस्ता काउण्टरपार्टीको स्वीकृत बोल रकम रद्द गरी सोको २.५० प्रतिशतका दरले हर्जानासहित ६ महिनासम्म खुला बजार कारोबार तथा ब्याजदर करिडोर अन्तर्गतका कुनैपनि बोलकबोलमा सहभागी हुन बन्देज लगाइनेछ ।

(३) संकलित दीर्घकालीन निक्षेपको भुक्तानी अवधि समाप्त भए पछि बैंकले निर्धारित ब्याजसहित दीर्घकालीन निक्षेप रकम सम्बन्धित काउण्टरपार्टीको खातामा जम्मा गरी दिनेछ ।

(४) दीर्घकालीन निक्षेप संकलन गरिएको रकम सम्बन्धित काउण्टरपार्टीको लगानी पोर्टफोलियो (Investment Portfolio) हुने भएकोले सो रकम अनिवार्य नगद मौज्दात (CRR) मा गणना हुने छैन । तर, यस बैंकको निर्देशनबमोजिम कायम राख्नु पर्ने वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) र खुद तरल सम्पत्ति अनुपात (Net Liquid Asset to Total Deposit Ratio) मा उक्त रकम गणना गर्न सकिनेछ । ◙

(५) संकलित दीर्घकालीन निक्षेप रकम भुक्तानी मिति अगावै सम्बन्धित काउण्टरपार्टीलाई फिर्ता दिइने छैन । तर दीर्घकालीन निक्षेप संकलनवापत प्रदान गरिएको प्रमाणपत्र भुक्तानी मिति अगावै निखन्ने गरी यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थामा धितोको रूपमा प्रयोग गर्न सकिनेछ ।

---

◙ दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको

## परिच्छेद-९
## दीर्घकालीन रिपो बोलकबोल सम्बन्धी व्यवस्था

२८. **दीर्घकालीन रिपो बोलकबोल :** (१) वित्तीय प्रणालीमा दीर्घकालीन प्रकृतिकोन्यून तरलताको अवस्था समितिलाई लागेमा संरचनात्मक खुला बजार कारोबार अन्तर्गत बढीमा ६ महिना अवधिको दीर्घकालीन रिपो बोलकबोल कारोबारमार्फत तरलता प्रवाह गर्न सक्नेछ । यस्तो कारोबार गर्दा नेपाल राष्ट्र बैंकले काउण्टरपार्टीहरूसँग रहेका योग्य सुरक्षणपत्र निश्चित अवधिका लागि खरीद गरी तरलता प्रवाह गर्नेछ ।

(२) दीर्घकालीन रिपो कारोबार गर्दा नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली (दोस्रो संशोधन २०७९),२०७८ बमोजिम बैंकले भविष्यमा निश्चित मितिमा निश्चित रकम बरावरको सुरक्षणपत्र खरीद/बिक्री गर्ने प्रतिवद्धतासहित काउण्टरपार्टीसँग माष्टर रिपर्चेज एग्रीमेण्ट गर्नेछ । बैंकसँग यस्तो सम्झौता नगरेका काउण्टरपार्टी रिपो बोलकबोलमा सहभागी हुन योग्य मानिने छैनन् ।◙

(३) दीर्घकालीन रिपो बोलकबोल गरिने कुल रकम, अवधि, बोलकबोल मिति, निष्काशन मिति लगायत अन्य प्रावधान तथा शर्तहरू समितिले निर्धारण गरेबमोजिम हुनेछ र सोहीबमोजिम विभागले रिपो बोलकबोल आव्हानको सार्वजनिक सूचना बैंकको वेवसाइट वा अनलाइन माध्यमबाट जारी गर्नु पर्नेछ ।

(४) दीर्घकालीन रिपोको बोलकबोल बहुब्याजदर प्रणालीमा गरिनेछ ।

२९. **दीर्घकालीन रिपो उपकरण उपयोग गर्न बोलकबोलमा भाग लिनुपर्ने :** (१) दीर्घकालीन रिपो सुविधा उपयोग गर्ने काउण्टरपार्टीले अनुसूची-३ बमोजिमको बोलपत्र फाराम तोकिएको समय सीमाभित्र विभागमा पेश गर्नुपर्नेछ । अथवा, बैंकले आव्हान गरेको सूचनाको आधारमा काउण्टरपार्टीले तोकिएको प्रक्रियाअनुसार प्रचलनमा रहेको विद्युतीय माध्यम (Online) मार्फत् समेत बोलकबोल गर्न सक्नेछन् ।

(२) दीर्घकालीन रिपो बोलकबोल सञ्चालन गर्दा ग्राह्य सुरक्षणपत्रको प्रयोग गरिने छ । सुरक्षणपत्रको मूल्यको अधिकतम ९० प्रतिशत रकम मात्र रिपो सुविधा वापत प्राप्त हुनेछ ।

(३) दीर्घकालीन रिपो सुविधा वापत्को सम्पूर्ण रकम ननिखनिएसम्म धितोमा रहेका सुरक्षणपत्रहरू बैंकको अभिलेखमा वा प्रचलित कानूनबमोजिम तोकिएका निकायमा बैंकका नाममा रोक्का रहने छन् ।

(४) दीर्घकालीन रिपो बोलकबोलमा भाग लिने काउण्टरपार्टीले बोलकबोल फारममा कारोबार गरिने सुरक्षणपत्रको विवरण पेश गर्नु पर्नेछ र बोल रकमको बाँडफाँट अगावै बोलपत्रमा उल्लेखित सुरक्षणपत्रको सक्कलै प्रति (ब्याज पुर्जा भएका सुरक्षणपत्र भए सोसमेत) विभागमा पेश गर्नु पर्नेछ । तोकिएको समय सीमाभित्र सक्कलै सुरक्षणपत्र संलग्न नगर्ने काउण्टरपार्टीलाई माष्टर रिपर्चेज एग्रीमेण्टमा भएको व्यवस्था अनुरूपको कारबाही हुनेछ ।

(५) दीर्घकालीन रिपो बोलकबोलको न्यूनतम बोल मूल्य रु.१० करोड र रु.५ करोडले भाग गर्दा नि:शेष भाग जाने अंकमा अधिकतम आव्हान गरिएको रकमसम्म बोल गर्न सकिनेछ ।

---

◙ दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको

(६) काउण्टरपार्टीले बोल फाराममा आफूले बोलकबोल गरेको रकम र ब्याजदर (दशमलव पछिको हकमा ४ अंकसम्म) उल्लेख गर्नु पर्नेछ ।

**३०. दीर्घकालीन रिपो बोलकबोलको रकम बाँडफाँट :** (१) दीर्घकालीन रिपो बोलकबोलको लागि आव्हान गरिएको रकम बाँडफाँट गर्दा बोल रकमको ब्याजदर अनुसार सबभन्दा बढी ब्याजदर बोल गर्ने काउण्टरपार्टीलाई प्राथमिकता क्रममा राखी आव्हान गरेको रकमसम्म क्रमशः बाँडफाँट गरिनेछ ।

(२) समान ब्याजदर उल्लेख भएका बोलपत्रहरूको रकम समावेश गर्दा कुल निष्काशित रकमभन्दा बढी भएमा सो दरको रकमलाई समानुपातिक रूप (Pro-rata Basis) मा बाँडफाँट गरिनेछ ।

**३१. दीर्घकालीन रिपो बोलकबोलको रकम जम्मा तथा भुक्तानी :** (१) बैंकले स्वीकृत दीर्घकालीन रिपो बोलपत्रको रकम सम्बन्धित काउण्टरपार्टीको यस बैंकमा रहेको खातामा जम्मा गरी दिनेछ ।

(२) दीर्घकालीन रिपो बोलकबोलको भुक्तानी अवधि समाप्त भएपछि बैंकले साँवा र निर्धारित ब्याज रकम सम्बन्धित काउण्टरपार्टीको खाता खर्च गरी भुक्तानी लिनेछ ।

(३) दीर्घकालीन रिपो रकमको भुक्तानी अवधिमा सोको निर्धारित ब्याजसहित साँवा रकम भुक्तानीका लागि सम्बन्धित काउण्टरपार्टीको खातामा पर्याप्त रकम नभएमा माष्टर रिपर्चेज एग्रीमेण्टमा भएको व्यवस्था अनुरूपको कारबाही हुनेछ ।

(४) दीर्घकालीन रिपो बोलकबोलको स्वीकृत रकम काउण्टरपार्टीको खातामा जम्मा भएपछि सो कारोबारमा राखिएको सुरक्षणपत्र माथि बैंकको हक कायम हुनेछ र कारोबारको साँवा ब्याज लगायत सम्पूर्ण रकम भुक्तानी हुनासाथ स्वतः ऋणीमा हक हस्तान्तरण हुनेछ ।

(५) दीर्घकालीन रिपो कारोबारमार्फत् तरलता उपभोग गर्ने काउण्टरपार्टीको सो कारोबारमा प्रयोग गरिएको सुरक्षणपत्र बैंकको निर्देशनबमोजिम कायम राख्नुपर्ने वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) र खुद तरल सम्पत्ति अनुपात (Net Liquid Asset to Total Deposit Ratio) गणना गर्न पाइने छैन ।◙

## परिच्छेद-१०

## दीर्घकालीन रिभर्स रिपो बोलकबोलसम्बन्धी व्यवस्था

**३२. दीर्घकालीन रिभर्स रिपो बोलकबोल :** (१) वित्तीय प्रणालीमा दीर्घकालीन प्रकृतिको अधिक तरलता विद्यमान भएको समितिलाई लागेमा संरचनात्मक खुला बजार कारोबार अन्तर्गत बढीमा ६ महिना अवधिको दीर्घकालीन रिभर्स रिपो बोलकबोल कारोबारमार्फत् तरलता प्रशोचन गर्न सक्नेछ । यस्तो कारोबार गर्दा नेपाल राष्ट्र बैंकले आफूसँग रहेका योग्य सुरक्षणपत्र निश्चित अवधिका लागि काउण्टर पार्टीहरूलाई बिक्री गरी तरलता प्रशोचन गर्नेछ ।

(२) दीर्घकालीन रिभर्स रिपो कारोबार गर्दा नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली (दोस्रो संशोधन, २०७९), २०७८ बमोजिम बैंकले भविष्यमा निश्चित मितिमा निश्चित रकम बराबरको सुरक्षणपत्र खरीद/बिक्री गर्ने प्रतिवद्धतासहित

◙ दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको

काउण्टरपार्टीसँग माष्टर रिपर्चेज एग्रीमेण्ट गर्नेछ । बैंकसँग यस्तो सम्झौता नगरेका काउण्टरपार्टी दीर्घकालीनरिभर्स रिपो बोलकबोलमा सहभागी हुन योग्य मानिने छैनन् ।◙

(३) दीर्घकालीन रिभर्स रिपो बोलकबोल गर्दा राखिने सुरक्षणपत्र, कुल रकम, अवधि, बोलकबोल मिति, निष्काशन मितिलगायत अन्य विषय तथा शर्तहरू समितिले निर्धारण गरेबमोजिम हुनेछ र सोहीबमोजिम विभागले रिभर्स रिपो बोलकबोल आव्हानको सूचना बैंकको वेवसाइट वा अनलाइन माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ ।

(४) रिभर्स रिपोको बोलकबोल बहु ब्याजदर प्रणालीमा गरिनेछ ।

**३३. दीर्घकालीन रिभर्स रिपो उपयोग गर्न बोलकबोलमा भाग लिनुपर्ने :** (१) दीर्घकालीन रिभर्स रिपो उपयोग गर्ने काउण्टरपार्टीले अनुसूची-४ बमोजिमको बोलपत्र फाराम तोकिएको समयसीमाभित्र विभागमा पेश गर्नुपर्नेछ । अथवा, बैंकले आव्हान गरेको सूचनाको आधारमा काउण्टरपार्टीले तोकिएको प्रक्रियाअनुसार प्रचलनमा रहेको विद्युतीय माध्यम (Online) मार्फत् समेत बोलकबोल गर्न सक्नेछन् ।

(२) दीर्घकालीन रिभर्स रिपो बोलकबोल सञ्चालन गर्दा ग्राह्य सुरक्षणपत्रको प्रयोग गरिने छ ।

(३) दीर्घकालीन रिभर्स रिपो बोलकबोलको न्यूनतम बोल मूल्य रु.१० करोड र रु.५ करोडले भाग गर्दा निःशेष भाग जाने अंकमा अधिकतम आव्हान गरिएको रकमसम्म बोल गर्न सकिनेछ ।

(४) काउण्टरपार्टीले बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम र ब्याजदर (दशमलव पछिको हकमा ४ अंकसम्म) उल्लेख गर्नु पर्नेछ ।

**३४. दीर्घकालीन रिभर्स रिपो बोलकबोलको रकम बाँडफाँट :** (१) दीर्घकालीन रिभर्स रिपो बोलकबोलको लागि आव्हान गरिएको रकम बाँडफाँट गर्दा बोल रकमको ब्याजदर अनुसार सबभन्दा कम ब्याजदर बोल गर्ने काउण्टरपार्टीलाई प्राथमिकता क्रममा राखी आव्हान गरेको रकमसम्म क्रमशः बाँडफाँट गरिनेछ ।

(२) समान ब्याजदर उल्लेख भएका बोलपत्रहरूको रकम समावेश गर्दा कुल निष्काशित रकमभन्दा बढी भएमा सो ब्याजदरको रकमलाई समानुपातिक रूप (Pro-rata Basis) मा बाँडफाँट गरिनेछ ।

(३) स्वीकृत बोलपत्र अनुसारको रकम प्राप्त गरिसकेपछि रकम जम्मा गर्ने काउण्टरपार्टीलाई विभागले अनुसूची-५ बमोजिमको निस्सा (प्रमाण-पत्र) प्रदान गर्नेछ । परिपक्व मितिमा सो वापतको साँवा ब्याज भुक्तानी भएपछि यो प्रमाणपत्र स्वतः रद्द हुनेछ ।

**३५. दीर्घकालीन रिभर्स रिपो बोलकबोलको रकम जम्मा तथा भुक्तानी :** (१) स्वीकृतबोलपत्रको रकम निष्काशन मितिमा सम्बन्धित काउण्टरपार्टीको यस बैंकमा रहेको खाता खर्च गरी जम्मा गरिनेछ ।

(२) बोलपत्र स्वीकृत भएका काउण्टरपार्टीको खातामा सो उपकरण निष्काशन गरिने दिनमा पर्याप्त मौज्दात नभएमा त्यस्ता काउण्टरपार्टीलाई माष्टर रिपर्चेज एग्रीमेण्टमा भएको व्यवस्था अनुरूपको कारबाही हुनेछ ।

◙दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको

(३) दीर्घकालीन रिभर्स रिपो बोलकबोलको भुक्तानी अवधि समाप्त भएपछि साँवा र निर्धारित ब्याज रकम सम्बन्धित काउण्टरपार्टीको खातामा जम्मा गरी हिसाब मिलान गरिनेछ ।

(४) दीर्घकालीन रिभर्स रिपो बोलकबोलको स्वीकृत रकम काउण्टरपार्टीको खाताबाट खर्च भएपछि सो कारोबारमा राखिएको सुरक्षणपत्र माथि सम्बन्धित काउण्टरपार्टीको हक कायम हुनेछ र  कारोबारको साँवा ब्याज रकम भुक्तानी हुनासाथ स्वत: बैंकमा हक हस्तान्तरण हुनेछ ।

(५) दीर्घकालीन रिभर्स रिपो रकम सम्बन्धित काउण्टरपार्टीको लगानी पोर्टफोलियो (Investment Portfolio) हुने भएकोले सो रकमलाई अनिवार्य नगद मौज्दात (CRR) मा गणना गर्न पाइने छैन । तर, यस बैंकको निर्देशनबमोजिम कायम राख्नु पर्ने वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) र खुद तरल सम्पत्ति अनुपात (Net Liquid Asset to Total Deposit Ratio) मा उक्त रकम गणना गर्न सकिनेछ । ◙

(६) दीर्घकालीन रिभर्स रिपोको रकम भुक्तानी मिति अगावै सम्बन्धित काउण्टरपार्टीलाई फिर्ता दिइने छैन । तर दीर्घकालीन रिभर्स रिपो वापत प्रदान गरिएको प्रमाणपत्र भुक्तानी मिति अगावै निखन्ने गरी यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थामा धितोको रूपमा प्रयोग गर्न सकिने छ ।

## परिच्छेद-११

## नेपाल राष्ट्र बैंक ऋणपत्रसम्बन्धी व्यवस्था

**३६. नेपाल राष्ट्र बैंक ऋणपत्र :** (१) वित्तीय प्रणालीमा दीर्घकालीन प्रकृतिको अधिक तरलताको स्थिति देखिएमा सोको व्यवस्थापन गरी बजार ब्याजदरलाई व्यवस्थित गर्न समितिले संरचनात्मक खुला बजार कारोबारअन्तर्गत नेपाल राष्ट्र बैंक सञ्चालक समितिको स्वीकृतिमा आवश्यकताअनुसार बढीमा एक वर्ष अवधिको नेपाल राष्ट्र बैंक ऋणपत्र जारी गरी तरलता प्रशोचन गर्न सक्नेछ ।

(२) काउण्टरपार्टीहरूका बीचमा ऋणपत्रको ब्याजदरमा बोलकबोल गराई एकल ब्याजदरमा नेपाल राष्ट्र बैंक ऋणपत्र जारी गरिने छ ।◙

(३) नेपाल राष्ट्र बैंक ऋणपत्र जारी गरिने अवधि, कुल रकम, बोलकबोल मिति, निष्काशन मिति, भुक्तानी मिति, ब्याज भुक्तानी प्रक्रिया लगायतका विषय तथा शर्तहरू समितिले निर्धारण गरेबमोजिम हुनेछ र सोहीबमोजिम विभागले नेपाल राष्ट्र बैंक ऋणपत्र निष्काशन आव्हानको सूचना बैंकको वेवसाईट वा अनलाईनमार्फत् सार्वजनिक जानकारीका लागि जारी गर्नेछ ।

**३७. नेपाल राष्ट्र बैंक ऋणपत्र खरीद गर्न बोलकबोलमा भाग लिनुपर्ने :** (१) नेपाल राष्ट्र बैंक ऋणपत्र खरीद बोलकबोलमा सहभागी हुने काउण्टरपार्टीले अनुसूची-८ बमोजिमको बोलपत्र फाराम तोकिएको समय सीमाभित्र विभागमा पेश गर्नुपर्नेछ । अथवा, बैंकले आव्हान गरेको सूचनाको आधारमा काउण्टरपार्टीले तोकिएको प्रक्रियाअनुसार प्रचलनमा रहेको विद्युतीय माध्यम (Online) मार्फत् समेत बोलकबोल गर्न सक्नेछन् ।

◙दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको

(२) नेपाल राष्ट्र बैंक ऋणपत्रको न्यूनतम बोल मूल्य रु.५ करोड र रु.५ करोडले भाग गर्दा निःशेष भाग जाने अंकमा अधिकतम आव्हान गरिएको रकमसम्म बोल गर्न सकिनेछ ।

(३) काउण्टरपार्टीले बोल फाराममा आफूले नेपाल राष्ट्र बैंक ऋणपत्र खरीद वापत जम्मा गर्न चाहेको रकम र ब्याजदर (दशमलव पछिको हकमा ४ अंकसम्म) उल्लेख गर्नु पर्नेछ ।

**३८. नेपाल राष्ट्र बैंक ऋणपत्रको बाँडफाँट :** (१) आव्हान गरिएको ऋणपत्रको बाँडफाँट गर्दा बोलकबोलको ब्याजदरलाई सानोदेखि ठूलो क्रममा राखी आव्हान रकमसम्म वा समितिले निर्धारण गरेको बाँडफाँट रकमसम्मको विन्दुमा कायम हुने ब्याजदरलाई एकल ब्याजदर कायम गरी सोही एकल ब्याजदरमा सो दर र सो दरभन्दा कम बोलवालालाई नेपाल राष्ट्र बैंक ऋणपत्र बिक्री गरिने छ । समान ब्याजदर बोल गर्ने बोलवालाहरूको रकम समावेश गर्दा कुल निष्काशित रकमभन्दा बढी हुने भएमा सो ब्याजदरको रकमलाई समानुपातिक रूप (Pro-rata Basis) मा बाँडफाँट गरिनेछ ।

(२) स्वीकृत बोलपत्रअनुसार ऋणपत्र खरीद गर्ने काउण्टरपार्टीलाई विभागले अनुसूची-९ बमोजिमको प्रमाण-पत्र प्रदान गर्नेछ । परिपक्व मितिमा सो वापतको साँवा ब्याज भुक्तानी भएपछि यो प्रमाणपत्र स्वतः रद्द हुनेछ ।

**३९. नेपाल राष्ट्र बैंक ऋणपत्रको रकम जम्मा तथा भुक्तानी :** (१) नेपाल राष्ट्र बैंक ऋणपत्रको स्वीकृत बोल रकम निष्काशन मितिमा सम्बन्धित काउण्टरपार्टीको खाता खर्च गरी जम्मा गरिने छ ।

(२) ऋणपत्र निष्काशन मितिमा काउण्टरपार्टीको खातामा पर्याप्त मौज्दात नभएमा त्यस्ता काउण्टरपार्टीको स्वीकृत बोल रकम रद्द गरी सोको २.५० प्रतिशत दरको हर्जाना सहित ६ महिनासम्म खुला बजार कारोबार तथा ब्याजदर करिडोर अन्तर्गतका कुनै पनि बोलकबोलमा सहभागी हुन बन्देज लगाइनेछ ।

(३) ऋणपत्र निष्काशनको शर्त बमोजिमको अवधिमा निर्धारित ब्याज रकम तथा परिपक्व अवधिमा साँवा रकम बैंकले सम्बन्धित काउण्टरपार्टीको खातामा जम्मा गरी दिनेछ ।

(४) नेपाल राष्ट्र बैंक ऋणपत्र खरीदगरिएको रकम सम्बन्धित काउण्टरपार्टीको लगानी पोर्टफोलियो (Investment Portfolio) हुने भएकोले सो रकमलाई अनिवार्य नगद मौज्दात (CRR) मा गणना गर्न पाइने छैन । तर, यस बैंकको निर्देशनबमोजिम कायम राख्नु पर्ने वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) र खुद तरल सम्पत्ति अनुपात (Net Liquid Asset to Total Deposit Ratio) मा उक्त रकम गणना गर्न सकिनेछ । ◙

(५) ऋणपत्रको परिपक्व मिति अगावै सो वापतको रकम फिर्ता दिइने छैन । तर सोबापत प्रदान गरिएको प्रमाणपत्र धितोको रूपमा प्रयोग गर्न सकिने छ ।

◙ दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको

## परिच्छेद-१२
## ब्याजदर करिडोरसम्बन्धी व्यवस्था

४०. **ब्याजदर करिडोरसम्बन्धी व्यवस्था :** (१) मौद्रिक नीतिका उद्देश्य तथा वित्तीय बजारको अवस्थालाई मध्यनजर गर्दै आर्थिक अनुसन्धान विभागबाट प्रत्येक दिन उपलब्ध गराइने बैंकिङ प्रणालीमा विद्यमान तरलताको स्थिति, भारित औसत अन्तरबैंक ब्याजदर तथा तरलता अनुगमन तथा प्रक्षेपण संरचनाले इंगित गर्ने तरलताको अवस्थाका आधारमा मौद्रिक नीतिले तोकेको ब्याजदर करिडोर कायम गर्न आवश्यकताअनुसार तरलता प्रवाह तथा प्रशोचनसम्बन्धी कार्य समिति/विभागले गर्नेछ । ◙

(२) ब्याजदर करिडोरको माथिल्लो सीमाको रूपमा बैंक दरलाई लिइएको छ र स्थायी तरलता सुविधा बैंकदरमा उपलब्ध गराईनेछ । ◙

(३) ओभरनाईट रिपो नीतिगत दरमा उपलव्ध गराइनेछ ।◙

(४) ब्याजदर करिडोरको तल्लो सीमाको रूपमा एक हप्ता अवधिको निक्षेप संकलनको तोकिएको ब्याजदरलाई लिइएको छ । ◙

(५) ब्याजदर करिडोरका उपकरणको ब्याजदर मौद्रिक नीतिले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद-१३
## तोकिएको ब्याजदरको निक्षेप संकलन उपकरणसम्बन्धी व्यवस्था

४१. **तोकिएको ब्याजदरको निक्षेप संकलन उपकरण :** (१) वित्तीय प्रणालीमा अधिक तरलताको स्थिति देखिएमा सोको व्यवस्थापन गरी बजार ब्याजदरलाई मौद्रिक नीतिले तोकेको ब्याजदर करिडोरको सीमाभित्र व्यवस्थित गर्न समिति/विभागले आवश्यकताअनुसार कुनै पनि दिन एक हप्ता अवधिको तोकिएको ब्याजदरको निक्षेप संकलनको उपकरण प्रयोग गर्न सक्नेछ । ◙

(२) तोकिएको ब्याजदरको निक्षेप संकलन उपकरण ब्याजदर करिडोरको तल्लो सीमाको रूपमा प्रयोग गरिने छ ।

(३) ब्याजदर करिडोर अन्तर्गतको तोकिएको ब्याजदरको निक्षेप संकलन एक हप्ता अवधिको हुनेछ ।

(४) तोकिएको ब्याजदरमा निक्षेप संकलन गरिने कुल रकम, बोलकबोल मिति, निष्काशन मिति लगायतका विषय तथा शर्त समिति/विभागले निर्धारण गरेबमोजिम हुनेछ र विभागले सोही बमोजिमको सार्वजनिक सूचना बैंकको वेवसाईट वा अनलाईनमार्फत् जारी गरी बोलकबोलका लागि आव्हान गर्नेछ ।

(५) तोकिएको ब्याजदरको निक्षेप संकलन उपकरण कुल निष्काशित रकममा बोलकबोल गराइनेछ ।

४२. **तोकिएको ब्याजदरको निक्षेप संकलन उपकरण उपयोग गर्न बोलकबोलमा भाग लिनुपर्ने :** (१) तोकिएको ब्याजदरको निक्षेप संकलन बोलकबोलमा मौद्रिक नीतिमा व्यवस्था भएका र विनियमावलीको विनियम २४ बमोजिमको योग्यता पुगेका काउण्टरपार्टीले मात्र सहभागी हुन पाउने छन् ।◙

---
◙ दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको

(२) तोकिएको ब्याजदरको निक्षेप संकलन बोलकबोलमा सहभागी हुने काउण्टरपार्टीले अनुसूची-१ बमोजिमको बोलपत्र फाराम तोकिएको समयसीमाभित्र विभागमा पेश गर्नुपर्नेछ । अथवा, बैंकले आव्हान गरेको सूचनाको आधारमा काउण्टरपार्टीले तोकिएको प्रक्रियाअनुसार प्रचलनमा रहेको विद्युतीय माध्यम (Online) मार्फत्समेत बोलकबोल गर्न सक्नेछन् ।

(३) तोकिएको ब्याजदरको निक्षेप संकलन उपकरणको बोलकबोलको न्यूनतम बोल मूल्य रु.१० करोड र रु.५ करोडले भाग गर्दा निःशेष भाग जाने अंकमा अधिकतम आव्हान गरिएको रकमसम्म बोल गर्न सकिनेछ ।

(४) काउण्टरपार्टीले बोल फाराममा आफूले तोकिएको ब्याजदरमा निक्षेपबापत् जम्मा गर्न चाहेको रकम उल्लेख गर्नु पर्नेछ ।

(५) तोकिएको ब्याजदरको निक्षेप संकलन उपकरण कारोबार गर्दा धितोको रूपमा सुरक्षणपत्रको उपयोग गरिने छैन ।

**४३. तोकिएको ब्याजदरको निक्षेप संकलन उपकरणको बाँडफाँट :** (१) तोकिएको ब्याजदरको निक्षेप संकलनको रकम बाँडफाँट गर्दा कुल निष्काशित रकमभन्दा बढी रकमको बोल परेमा समानुपातिक रूप (Pro-rata Basis) मा बाँडफाँट गरिनेछ ।

(२) स्वीकृत बोलपत्र अनुसारको रकम जम्मा गर्ने काउण्टरपार्टीलाई विभागले अनुसूची-२ बमोजिमको निस्सा (प्रमाण-पत्र) प्रदान गर्नेछ । परिपक्व मितिमा सो बापतको साँवा ब्याज भुक्तानी भएपछि यो प्रमाणपत्र स्वतः रद्द हुनेछ ।

**४४. तोकिएको ब्याजदरको निक्षेप संकलन उपकरणको रकम जम्मा तथा भुक्तानी :** (१) स्वीकृत भएका बोलपत्र बापतको रकम बैंकले सम्बन्धित काउण्टरपार्टीको यस बैंकमा रहेको खाता खर्च गरी जम्मा गर्नेछ ।

(२) बोलपत्र स्वीकृत भएका काउण्टरपार्टीको खातामा सो उपकरण निष्काशन गरिने दिनमा पर्याप्त मौज्दात नभएमा त्यस्ता काउण्टरपार्टीको स्वीकृत बोल रकम रद्द गरी सोको २.५० प्रतिशतका दरले हर्जानासहित ६ महिनासम्म खुला बजार कारोबार तथा ब्याजदर करिडोरअन्तर्गतका कुनै पनि बोलकबोलमा सहभागी हुन बन्देज लगाइनेछ ।

(३) संकलित तोकिएको ब्याजदरको निक्षेपको भुक्तानी अवधि समाप्त भए पछि बैंकले निर्धारित ब्याजसहित सो निक्षेप रकम सम्बन्धित काउण्टरपार्टीको खातामा जम्मा गरी दिनेछ ।

(४) तोकिएको ब्याजदरको निक्षेप संकलन गरिएको रकम सम्बन्धित काउण्टरपार्टीको लगानी पोर्टफोलियो (Investment Portfolio) हुने भएकोले सो रकमलाई अनिवार्य नगद मौज्दात (CRR) मा गणना गर्न पाइने छैन । तर, यस बैंकको निर्देशनबमोजिम कायम राख्नु पर्ने वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) र खुद तरल सम्पत्ति अनुपात (Net Liquid Asset to Total Deposit Ratio) मा उक्त रकम गणना गर्न सकिनेछ ।◙

(५) संकलित निक्षेप रकम भुक्तानी मिति अगावै सम्बन्धित काउण्टरपार्टीलाई फिर्ता दिइने छैन । तर निक्षेप संकलन वापत प्रदान गरिएको प्रमाणपत्र भुक्तानी मितिअगावै निखन्ने गरी यस बैंकबाहेक अन्य बैंक तथा वित्तीय संस्थामा धितोको रूपमा प्रयोग गर्न सकिनेछ ।

---

◙दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको

# परिच्छेद - १४
## ओभरनाईट रिपोसम्बन्धी व्यवस्था

४५. **ओभरनाईट रिपो** : (१) ब्याजदर करिडोर अन्तर्गत तरलता प्रवाह Inject गर्नका लागि ओभरनाईट रिपो उपकरण जारी गरिने छ । मौद्रिक नीतिमा उल्लिखित नीतिगत दरमा ओभरनाईट रिपो प्रदान गरिने छ ।◙

(२) काउण्टरपार्टीले अघिल्लो दिनको आफ्नो स्वदेशी निक्षेप दायित्वको बढीमा ०.२५ प्रतिशतसम्म हप्तामा एकपटक ओभरनाईट रिपो सुविधा मौद्रिक नीतिमा उल्लिखित नीतिगत दरमा उपयोग गर्न पाउने छ ।

(३) यो सुविधाका लागि निवेदन दिनुभन्दा अघिल्लो दिन वा सो दिन विदा भएमा सोभन्दा अघिल्लो कार्यालय खुलेको दिनको उपलब्ध अन्तर बैंक ब्याजदर (वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूको भारित औसत अन्तर बैंकदर) नीतिगत दरभन्दा माथि रहेको हुनु पर्नेछ ।

(४) ओभरनाइट रिपो सुविधा प्रदान गर्दा ग्राह्य सुरक्षणपत्र धितो राखिने छ र बोलकबोल प्रक्रिया अपनाइने छैन ।

४६. **ओभरनाईट रिपो सुविधा लिन सुरक्षणपत्र धितो सहित विभागमा निवेदन दिनुपर्ने** : (१) यो सुविधा उपयोग गर्न यस बैंकसँग माष्टर रिपर्चेज एग्रीमेण्ट गरेका काउण्टरपार्टीले अनुसूची-१० मा उपलब्ध फारामको ढाँचामा विभागमा निवेदन दिनु पर्नेछ । अथवा, बैंकको सूचनाको आधारमा तोकिएको प्रक्रियाअनुसार प्रचलनमा रहेको विद्युतीय माध्यम (Online) मार्फत्समेत यो सुविधाको आवेदन गर्न सकिनेछ ।◙

(२) निवेदनमा सम्बन्धित संस्थाका कम्तीमा २ जना आधिकारिक व्यक्तिको दस्तखत र संस्थाको छाप लागेको हुनुपर्नेछ ।

(३) ओभरनाइट रिपो माग गर्नको लागि तोकिएको निवेदन, धितोको विवरण एवम् धितो राखिने ग्राह्य सुरक्षणपत्रहरूको सक्कलै प्रति (ब्याज पुर्जा भएका सुरक्षणपत्रको हकमा सो समेत) तोकिएको बैंकिङ कारोबारसमय सकिनुभन्दा कम्तीमा एक घण्टाअगावै यस विभागमा पेश गर्नुपर्नेछ ।◙

(४) उपत्यका बाहिरका संस्थाले धितो राख्नुपर्ने सुरक्षणपत्रहरूको सक्कलै प्रति सहित नजिकको यस बैंकको कार्यालयमा तोकिएको समय सीमाभित्र विभागमा आइपुग्ने गरी निवेदन पेश गर्नुपर्नेछ ।

(५) ओभरनाइट रिपो सुविधावापत् लिएको रकम ननिखनिएसम्म धितोमा रहेका सुरक्षणपत्रहरू बैंकको अभिलेखमा वा कानूनबमोजिम तोकिएका निकायमा रोक्का रहने छन् ।

४७. **ओभरनाईट रिपो सुविधाको रकम जम्मा र फिर्ता :** (१) रीतपूर्वकको निवेदन प्राप्त भएपश्चात् आवश्यक प्रक्रिया पुऱ्याई सम्बन्धित संस्थाको यस बैंकमा रहेको खातामा स्वीकृत रकम जम्मा गरिनेछ ।

(२) उपत्यका बाहिरका संस्थाहरूले धितो राख्नुपर्ने तोकिए बमोजिमका सुरक्षणपत्रको सक्कलै प्रति नजिकको यस बैंकको कार्यालयमा पेश गरेको व्यहोरा तोकिएको समयभित्र प्रमाणित भएपश्चात् मात्र निवेदन स्वीकृत गरी सुविधा रकम जम्मा गरिनेछ ।

◙ दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको

(३) धितोको रूपमा राखिने ग्राह्य सुरक्षणपत्रहरूको अधिकतम ९० प्रतिशतले हुने रकम सुविधाको रूपमा उपयोग गर्न सकिने छ ।

(४) ओभरनाईट रिपो लिएको रकमको साँवा र सोको ब्याज रकम बैंकले फिर्ता भुक्तानी प्राप्त गरेपश्चात् धितोको रूपमा रहेका सुरक्षणपत्र फिर्ता गरिनेछ ।

(५) ओभरनाईट रिपो सुविधा बापत प्रदान गरिएको साँवा तथा ब्याज रकम सम्बन्धित संस्थाको यस बैंकमा रहेको खाता खर्च गरी बैंकले फिर्ता लिनेछ ।

(६) निखन्ने दिनमा सुविधावापत् लिएको साँवा-ब्याज रकम बैंकलाई फिर्ता भुक्तानी गर्नको लागि उक्त संस्थाको यस बैंकमा रहेको खातामा पर्याप्त मौज्दात कायम हुनु पर्नेछ ।

(७) यस उपकरणको भुक्तानी मितिमा सम्बन्धित काउण्टरपार्टीको खातामा पर्याप्त मौज्दात नभएमा माष्टर रिपर्चेज एग्रीमेण्टमा भएको व्यवस्थाअनुरूप हुनेछ ।

(८) ओभरनाईट रिपो कारोबारमार्फत् तरलता उपभोग गर्ने काउण्टरपार्टीको सो कारोबारमा प्रयोग गरिएको सुरक्षणपत्र बैंकको निर्देशनबमोजिम कायम राख्नु पर्ने वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) र खुद तरल सम्पत्ति अनुपात (Net Liquid Asset to Total Deposit Ratio) मा गणना गर्न पाइने छैन । ◙

## परिच्छेद-१५

## स्थायी तरलता सुविधासम्बन्धी व्यवस्था

**४८. स्थायी तरलता सुविधा** : (१) बैंकिङ प्रणालीमा तत्काल आइपर्ने तरलता समस्याको समाधानको उपायको रूपमा स्थायी तरलता सुविधा उपयोग गर्न सकिने छ । ◙

(२) यो सुविधा सुरक्षणपत्र धितो कारोबारसम्बन्धी सम्झौता गरेका र विनियमावलीको विनियम २४ बमोजिमको योग्यता पुगेका तोकिए बमोजिमका संस्थाले मात्र उपयोग गर्न पाउने छन् । ◙

(३) यो सुविधा उपयोग गर्दा तोकिए बमोजिमका ग्राह्य सुरक्षणपत्रधितो राख्नु पर्नेछ र धितो सुरक्षणपत्रको ९० प्रतिशतले हुने रकम सुविधावापत प्रदान गरिने छ ।

(४) सुविधावापत मौद्रिक नीतिमा तोकिए बमोजिमको दरमा बैंकलाई ब्याज तिर्नुपर्नेछ ।

(५) यो सुविधा उपयोग गर्दा सम्बन्धित काउण्टरपार्टीले आफ्नो अघिल्लो सप्ताहन्तमा कायम रहेको स्वदेशी मुद्राको कुल निक्षेपको एक प्रतिशतभन्दा बढी बक्यौता नहुने गरी माग गर्नु पर्नेछ । साथै, यसरी काउण्टरपार्टीले माग गर्दा अघिल्लो सप्ताहन्तको स्वदेशी मुद्रामा रहेको आफ्नो कुल निक्षेपको विवरणसमेत स्वघोषणा गर्नु पर्नेछ । यदि काउण्टरपार्टीले गलत विवरण उपलब्ध गराई तोकिएको प्रतिशतभन्दा बढी सुविधा उपभोग गरेमा नेपाल राष्ट्र बैक ऐन, २०५८ बमोजिम कारवाही हुनेछ ।◙

(६) सम्बन्धित काउण्टरपार्टीले यो सुविधा उपयोग गर्दा आफनो अघिल्लो सप्ताहन्तमा कायम रहेको कुल स्वदेशी मुद्रा निक्षेपको एक प्रतिशतभन्दा बढी बक्यौता नहुने गरी एकै पटक वा पटक पटक गरी उपयोग गर्न पाउनेछ ।◙

◙ दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको

**४९. स्थायी तरलता सुविधा लिन धितो सुरक्षणसहित निवेदन दिनुपर्ने :** (१) यो सुविधा लिन चाहने तोकिए बमोजिमका संस्थाले अनुसूची-११ मा उपलब्ध फारामको ढाँचामा निवेदन र अनुसूची-१२ बमोजिमको धितो राखिने सुरक्षणपत्रको विवरण तोकिएको बैंकिङ कारोबारसमय सकिनुभन्दा एक घण्टा अगावै विभागमा पेश गर्नुपर्नेछ । अथवा, बैंकको सूचनाको आधारमा तोकिएको प्रक्रियाअनुसार प्रचलनमा रहेको विद्युतीय माध्यम (Online) मार्फत्समेत यो सुविधाको आवेदन गर्न सकिनेछ ।◙

(२) यो सुविधा लिनको लागि पेश गरिने निवेदनमा सम्बन्धित संस्थाका कम्तिमा २ जना आधिकारिक व्यक्तिको दस्तखत र संस्थाको छाप लागेको हुनुपर्नेछ ।

(३) निवेदनको साथमा धितो राखिने सुरक्षणपत्रहरूको सक्कल प्रति (ब्याज पुर्जा भएका सुरक्षणपत्रको हकमा सोसमेत) विभागमा पेश गर्नुपर्नेछ ।

(४) उपत्यका बाहिरका संस्थाले धितो राख्नुपर्ने सुरक्षणपत्रहरूको सक्कलै प्रति सहित नजिकको बैंकको कार्यालयमा तोकिएको समयभित्र विभागमा प्राप्त हुनेगरी निवेदन पेश गर्नुपर्नेछ ।

(५) यो सुविधाको अधिकतम अवधि बैंकले मौद्रिक नीतिमा तोकेबमोजिम हुनेछ । तर लामो सार्वजनिक विदाका कारण बिदापश्चात् कार्यालय खुल्ने पहिलो दिनमा भुक्तानी हुने गरी बिदा पूर्वको अन्तिम कारोबार दिनमा जारी गरिने स्थायी तरलता सुविधाको अवधि तोकिएको समयावधिभन्दा बढी हुन गएमा समेत तोकिएको ब्याजदरमा सुविधा प्रवाह गर्न सकिने छ ।◙

(६) स्थायी तरलता सुविधा वापतको सम्पूर्ण रकम ननिखनिएसम्म धितोमा रहेका सुरक्षणपत्रहरू बैंकको अभिलेखमा वा कानूनबमोजिम तोकिएका निकायमा रोक्का रहने छन् ।

**५०. धितोमा रहेका सुरक्षणपत्र फिर्ता सम्बन्धी व्यवस्था :** (१) स्थायी तरलता सुविधाको अवधि पुरा भएपछि सुविधा वापत् लिएको साँवा र सोको ब्याज रकम बैंकले फिर्ता भुक्तानी प्राप्त गरेपश्चात् धितोको रूपमा रहेका सुरक्षणपत्रको रोक्का फुकुवा गरिनेछ ।

(२) स्थायी तरलता सुविधा लिएको संस्थाको अनुरोध पत्रको आधारमा रोक्का फुकुवा भएका सुरक्षणपत्र फिर्ता गरिनेछ ।

**५१. धितोमा रहेका सुरक्षणपत्रबाट पुनः यो सुविधा लिने सम्बन्धी व्यवस्था** : (१) यो सुविधा लिएका संस्थाले विभाग समक्ष धितो राखेका सुरक्षणपत्र पुनः धितो राखी यो सुविधा लिन चाहेमा यस अघि लिएको सुविधा परिपक्व भई सो वापत्को पूरै साँवा-ब्याज रकम चुक्ता गरी धितो फुकुवा भएपछि मात्र पुनः सोही सुरक्षणपत्र धितो राखी यो सुविधा लिन पाउनेछन् । तर सुरक्षणस्वरूप राखेको धितोले खामेसम्म सोही सुरक्षणपत्रको धितोमा पुनः यस्तो सुविधा लिन भने वाधा पर्नेछैन ।

(२) माथि बुँदा नं. (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पहिले लिएको सुविधा रकम पूर्ण रूपमा राफसाफ नभएसम्म सोही सुरक्षणपत्रको धितोमा नयाँ सुविधा प्रदान गरिने छैन ।

---

◙ दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको

**५२. रकम उपलब्ध गराउनेसम्बन्धी व्यवस्था :** (१) स्थायी तरलता सुविधा उपभोग गर्नका लागि रीतपूर्वकको निवेदन पेश भएपश्चात् आवश्यक प्रक्रिया पुऱ्याई सोही दिन सम्बन्धित संस्थाको यस बैंकमा रहेको खातामा स्वीकृत रकम जम्मा गरिनेछ ।

(२) उपत्यका बाहिरका संस्थाहरूले सुविधावापत धितो राख्नुपर्ने तोकिए बमोजिमका सुरक्षणपत्रको सक्कल प्रति नजिकको बैंकको कार्यालयमा पेश गरेको व्यहोरा तोकिएको समयभित्र प्रमाणित भएपश्चात् मात्र निवेदन स्वीकृत गरी रकम जम्मा गरिनेछ ।

(३) स्थायी तरलता सुविधा मार्फत तरलता उपभोग गर्ने काउण्टरपार्टीको सो कारोबारमा प्रयोग गरिएको सुरक्षणपत्र बैंकको निर्देशनबमोजिम कायम राख्नु पर्ने वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) र खुद तरल सम्पत्ति अनुपात (Net Liquid Asset to Total Deposit Ratio) मा गणना गर्न पाइने छैन । ◙

**५३. सुविधा निखन्नेसम्बन्धी व्यवस्था :** (१) उपयोग भएको स्थायी तरलता सुविधाको अवधि पूरा भएपछि निखन्ने दिनमा सुविधाबापत् प्रदान गरिएको साँवा रकम र तोकिए बमोजिमको दरले हुन आउने ब्याज रकम सम्बन्धित संस्थाको यस बैंकमा रहेको खातामा खर्च गरी बैंकले फिर्ता लिनेछ ।

(२) सुविधा निखन्ने दिनमा सुविधावापत् लिएको साँवा-ब्याज रकम बैंकलाई फिर्ता भुक्तानी गर्नको लागि उक्त संस्थाको यस बैंकमा रहेको खातामा पर्याप्त मौज्दात कायम हुनु पर्नेछ ।

(३) यस उपकरणको भुक्तानी मितिमा सम्बन्धित काउण्टरपार्टीको खातामा पर्याप्त मौज्दात नभएमा सुरक्षणपत्र धितो कारोबारसम्बन्धी सम्झौतामा भएको व्यवस्थाअनुरूप हुनेछ ।

(४) खातामा पर्याप्त मौज्दात नभई सुविधा निखन्न नसकिने अवस्था आइपरेमा थप पाँच दिन सम्मका लागि बैंकले सुविधाबापत् लिने ब्याजदरमा त्यतिनै दरमा हर्जाना थप गरी असुल गर्नेछ ।

(५) यो सुविधा निखन्ने दिन सार्वजनिक विदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनमा निखन्नु पर्नेछ । यसोगर्दा निखन्ने दिनभन्दा अघिल्लो दिनसम्मको तोकिएको दरले हुन आउने ब्याज रकमसमेत असुल गरिनेछ ।

**५४. धितो सकार सम्बन्धी व्यवस्था :** (१) सुविधावापत् लिएको साँवा तथा सोको ब्याज रकम निखन्न नसकी हर्जाना लगाइएको पाँच दिनसम्म पनि सो वापतको साँवा, ब्याज तथा हर्जाना ब्याजसमेत असुल हुन नसकेमा धितोबापत् विभागमा रहेका सुरक्षणपत्र समितिको निर्णयानुसार बैंकले सकार गर्नेछ ।

(२) सुविधा उपयोग गरेका संस्थाले सुविधावापत् धितो रहेका सुरक्षणपत्र सकार गरी साँवा-ब्याज रकम असुल गर्नुहुन भनी विभागलाई लिखित अनुरोध गरेमा वा धितोमा रहेका सुरक्षणपत्रको मूल्यभन्दा साँवा, ब्याज तथा हर्जानाको कूल रकम बढी हुन जाने अवस्था देखिएमा जुनसुकै वखत धितोमा रहेका सुरक्षणपत्र बैंकले सकार गर्नेछ ।◙

(३) सुरक्षणको रूपमा धितो रहेका सुरक्षणपत्र बैंकले सकार गर्दा सुविधावापत् प्रदान गरिएको साँवा-ब्याज, हर्जाना तथा धितोको स्वामित्व हस्तान्तरणमा लाग्ने नियमानुसारको दस्तुर रकम समेत असुलउपर गरी बाँकी रहेको रकम सम्बन्धित संस्थाको यस बैंकस्थित खातामा जम्मा गरिदिनेछ ।

---

◙ दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको

(४) सुरक्षणको रूपमा धितो रहेका सुरक्षणपत्र बैंकले सकार गर्ने सम्बन्धमा समितिको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद-१६

## उपकरण निष्काशनसम्बन्धी थप व्यवस्था

**५५. बोलकबोल बाँडफाँटसम्बन्धी थप व्यवस्था :** (१) खुला बजार कारोबारका बोलकबोल बाँडफाँटको परिणाम बैंकको वेवसाइट वा अनलाइनमार्फत् सार्वजनिक गरिनेछ ।

(२) समितिले प्रतिस्पर्धी बोलकबोलको अभावमा मौद्रिकनीतिको उद्देश्यअनुरूप तरलता व्यवस्थापन नहुने स्पष्ट संकेत पाएमा कुनै पनि उपकरण बोलकबोलको न्यूनतम/अधिकतम कटअफ (Cut-off) मूल्य/ब्याजदर/वार्षिक प्रतिफल दर (Yield Rate) समेत तोक्न सक्नेछ र सोभन्दा कम/बढी मूल्य/ब्याजदर/वार्षिक प्रतिफल दर (Yield Rate) को बोल रकम स्वीकार गर्ने वा नगर्ने अधिकार समितिसँग सुरक्षित रहनेछ ।

(३) आव्हान गरिएको बोल रकममध्ये सम्पूर्ण वा आंशिक बोल स्वीकार वा अस्वीकार गर्ने अधिकार समितिलाई रहनेछ ।

**५६. उपकरण प्रयोगबाट संकलित रकमको उपयोग :** (१) खुला बजार तथा ब्याजदर करिडोर कारोबारबाट संकलित रकम बैंकले अन्य प्रयोजनमा उपयोग गर्न पाउने छैन ।◙

**५७. ग्राह्य सुरक्षणपत्र :** (१) खुला बजार कारोबार तथा ब्याजदर करिडोर अन्तर्गतका उपकरणका लागि नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली (दोस्रो संशोधन, २०७९), २०७८ को विनियम २६ बमोजिमका सुरक्षणपत्रहरू मात्र ग्राह्य हुनेछन् ।

(२) माथि बुँदा नं. (१) अनुसारका सुरक्षणपत्रको भुक्तानी अवधि धितोको रूपमा प्रयोग गरिने उपकरणको भुक्तानी अवधिभन्दा पछाडि हुनु पर्नेछ ।

**५८. अन्य व्यवस्था :** (१) यस कार्यविधिसम्बन्धी अन्य व्यवस्था तथा शर्तहरू बैंकले समय-समयमा तोकेबमोजिम हुनेछ ।

## परिच्छेद-१७

## विविध

**५९. व्याख्या गर्ने अधिकार :** (१) यस कार्यविधिमा कुनै द्विविधा उत्पन्न भएमा समितिले व्याख्या वा निर्णय गरेबमोजिम हुनेछ ।

**६०. खारेजी र बचाउ :** (१) निक्षेप संकलन उपकरणसम्बन्धी कार्यविधि, २०७७; ब्याजदर करिडोरसम्बन्धी कार्यविधि, २०७६ र स्थायी तरलता सुविधासम्बन्धी कार्यविधि, २०७३ खारेज गरिएको छ ।

(२) बुँदा १ बमोजिम खारेज गरिएका कार्यविधिहरू बमोजिम भए गरेका सम्पूर्ण कार्यहरू यसै कार्यविधिअनुसार भए गरेको मानिनेछ ।

### अनुसूची - १

## नेपाल राष्ट्र बैंक
## निक्षेप संकलन बोलकबोल
## बोलपत्र फाराम

निक्षेप संकलन गरिने मितिः ..................... भुक्तानी मितिः .......................... दिनः ........
निक्षेप संकलनका लागि आव्हान गरिएको कूल रकमः ................................

नेपाल राष्ट्र बैंक,
मौद्रिक व्यवस्थापन विभाग, कोड नं. .....................
काठमाडौ ।

त्यस विभागले मिति ............................... मा निक्षेप संकलन गर्न बोलपत्र आव्हान गरेकोमा निम्नानुसारको ब्याजदरको आधारमा निक्षेप (Deposit) स्वीकार गरिदिनु हुन अनुरोध गर्दछौं ।

| सि.नं. | बोल रकम | ब्याजदर* | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अंकमा | | | | | | | अक्षरमा |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| जम्मा बोल रकम अंकमाः | | | | | | | | | |
| अक्षरमाः | | | | | | | | | |

*ब्याजदर करिडोर अन्तर्गतको निक्षेप संकलन उपकरणको बोलपत्रमा मौद्रिक नीतिमा तोकिए बमोजिमको ब्याजदर उल्लेख गर्ने ।

उपरोक्त ब्याजदर/निक्षेप संकलन रकमको आधारमा निक्षेप संकलनको बोलपत्र स्वीकृत भएमा सो रकम नेपाल राष्ट्र बैंक, .............कार्यालय/विभागमा रहेको यस बैंकको खाता नं. ..............................बाट हिसाब मिलान गर्नुहुन अनुरोध छ । निक्षेप संकलन फछ्र्यौट हुने दिनमा निक्षेप रकम र सोको ब्याज वापतको रकम सोही खातामा जम्मा गरी दिनुहुन पनि अनुरोध छ । साथै, बोलपत्र स्वीकृत भए पछि उपरोक्त खातामा पर्याप्त रकम नरहेमा स्वीकृत बोल रकमको २.५० प्रतिशतले हुन आउने हर्जाना वापतको रकम सोही खाताबाट कट्टा गरी असुल उपर गर्नुहुन समेत मञ्जुर गर्दछौं ।

बोलपत्र पेश गर्ने संस्थाको नाम :

ठेगानाः छापः

अधिकार प्राप्त व्यक्तिको पद, नाम र दस्तखतः (१)

(२)

निक्षेपसँग सम्बन्धित ट्रेडरको नामः

टेलिफोन नं.:

**अनुसूची - २**

# नेपाल राष्ट्र बैंक
## मौद्रिक व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय, काठमाडौं
फोन:०१-४४१९८०५, Ext No:८३६
फ्याक्स:०१-४४१२३०६
Email: omo@nrb.org.np
Website: www.nrb.org.np
पोष्ट बक्स: १०५५

पत्रसंख्या: मौ.व्य ........./ ... /...  मितिः २०.../.../...

श्री ..........................................

**सि.नं. ..............**

**विषयः निक्षेप संकलनको Advice ।**

महाशय,

यस बैंकको पहलमा खुला बजार कारोबार सञ्चालन समितिको मिति २०..../.../... को निर्णयबमोजिम आव्हान गरिएको रु. ..... करोडको निक्षेप संकलन बोलकबोल अनुसार त्यस बैंकको तपसील अनुसारको निक्षेप स्वीकार गरिएको छ ।

**तपसिल**

| | | |
|---|---|---|
| १. | अवधि | : ... ... |
| २. | निक्षेप संकलन मिति | : २०..../.../... |
| ३. | भुक्तानी मिति | : २०..../.../... |
| ४. | साँवा रकम | : रु. ....... करोड |
| ५. | ब्याज रकम | : रु. ............ |
| ६. | शर्त तथा सुविधा | : (क) यो Advice भुक्तानी मिति अगावै निखन्ने गरी यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थामा धितोको रूपमा प्रयोग गर्न सकिने छ ।<br>(ख) भुक्तानी मितिका दिन त्यस बैंकको खातामा उपरोक्तानुसारको साँवा तथा ब्याज रकम जम्मा भएपछि यो Advice स्वतः रद्द हुनेछ । |

भवदीय,

कार्यकारी निर्देशक

## अनुसूची - ३
## नेपाल राष्ट्र बैंक
## रिपो बोलकबोल बोलपत्र फाराम◙

रिपो बोलकबोल गरिने मितिः ………………..निष्काशन मिति………. भुक्तानी मितिः …………….
जम्मादिनः ……………. रिपो बोलकबोलका लागि आव्हान गरिएको कूल रकमः …………………

**नेपाल राष्ट्र बैंक,**
मौद्रिक व्यवस्थापन विभाग, कोड नं. ………………….
काठमाडौ ।

त्यस विभागले मिति …………………….. मा रिपो बोकबोल गर्न बोलपत्र आव्हान गरेकोमा निम्नानुसारको ब्याजदरको आधारमा रिपो बोल रकम स्वीकार गरिदिनु हुन अनुरोध गर्दछौं ।

| सि.नं. | बोल रकम | ब्याजदर | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अंकमा | | | | | | | अक्षरमा |
| | | | | | | | | | |
| | | | | | | | | | |
| जम्मा बोल रकम अंकमाः | | | | | | | | | |
| अक्षरमाः | | | | | | | | | |

**रिपो बोलकबोलका लागि प्रयोग गरिने सुरक्षणपत्रहरू**

| सि.नं. | सुरक्षणपत्रको विवरण | सिरिज नं. | भुक्तानी मिति | सुरक्षणपत्रको अंकित मूल्य (रु. करोडमा) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | **जम्मा** | | | |
| **(क)** | अघिल्लो मसान्तमा रहेको कुल स्वदेशी निक्षेप (रु. करोडमा) | | | रु. |
| **(ख)** | सरकारी सुरक्षणपत्रमा भएको कुल लगानी (रु. करोडमा) | | | रु. |
| **(ग)** | बैधानिक तरलता अनुपातका लागि आवश्यक सुरक्षणपत्र (रु. करोडमा) | | | रु. |
| **(घ)** | रिपो, ओभरनाइट रिपो र स्थायी तरलता सुविधाको बक्यौता रकम (रु. करोडमा) | | | रु. |
| **(ङ)** | रिपो/ओभरनाइट रिपो/स्थायी तरलता सुविधा लिन सकिने रकम (ख-ग-घ) (रु. करोडमा) | | | रु. |

उपरोक्तानुसारको सुरक्षणपत्र यो रिपो सुविधाको भुक्तानी मिति अगावै परिपक्व नहुने स्वघोषणा गर्दै रिपो बोलपत्र स्वीकृत भएमा सो रकम यस बैंकको ………….कार्यालय/विभागमा रहेको यस बैंकको खाता नं. ………………………….मा जम्मा गरिदिन अनुरोध छ । रिपो भुक्तानी हुने दिनमा रिपो रकम र सोको ब्याज वापतको रकम सोही खाताबाट खर्च गरी हिसाब मिलान गर्नुहुन पनि अनुरोध छ । साथै, भुक्तानी मितिमा उपरोक्त खातामा पर्याप्त रकम नरहेमा माष्टर रिपर्चेज एग्रीमेण्ट तथा मौद्रिक तथा तरलता व्यवस्थापनसम्बन्धी कार्यविधि बमोजिमको हर्जाना, धितो सकार तथा अन्य कारबाही गरेमा समेत मञ्जुर गर्दछौं ।
बोलपत्र पेश गर्ने संस्थाको नाम :
ठेगानाः छापः
अधिकार प्राप्त व्यक्तिको पद, नाम र दस्तखतः (१)
(२)
निक्षेपसँग सम्बन्धित ट्रेडरको नामः
टेलिफोन नं.:

◙ दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको

**अनुसूची - ४**

# नेपाल राष्ट्र बैंक

## रिभर्स रिपो बोलकबोल बोलपत्र फाराम

रिभर्स रिपो बोलकबोल गरिने मितिः............. निष्काशन मिति...........भुक्तानी मितिः .............
जम्मा दिनः ........ रिभर्स रिपो बोलकबोलका लागि आव्हान गरिएको कूल रकमः .......................

**नेपाल राष्ट्र बैंक,**
मौद्रिक व्यवस्थापन विभाग, कोड नं. ......................
काठमाडौ ।

त्यस विभागले मिति ............................... मा रिभर्स रिपो बोलकबोल गर्न बोलपत्र आव्हान गरेकोमा निम्नानुसारको ब्याजदरको आधारमा रिभर्स रिपो रकम स्वीकार गरिदिनु हुन अनुरोध गर्दछौं ।

| सि.नं. | बोल रकम | ब्याजदर | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अंकमा | | | | | | | अक्षरमा |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| जम्मा बोल रकम अंकमाः | | | | | | | | | |
| अक्षरमाः | | | | | | | | | |

उपरोक्त ब्याजदरको आधारमा रिभर्स रिपो बोलपत्र स्वीकृत भएमा सो रकम नेपाल राष्ट्र बैंक, .............कार्यालय/विभागमा रहेको यस बैंकको खाता नं. ...............................बाट हिसाब मिलान गर्नुहुन अनुरोध छ । रिभर्स रिपो भुक्तानी हुने दिनमा रिभर्स रिपो रकम र सोको ब्याज वापतको रकम सोही खातामा जम्मा गरी दिनुहुन पनि अनुरोध छ । साथै, बोलपत्र स्वीकृत भए पछि आवश्यकताअनुसार उपरोक्त खातामा पर्याप्त रकम नरहेमा स्वीकृत बोल रकमको २.५० प्रतिशतले हुन आउने हर्जाना वापतको रकम सोही खाताबाट कट्टा गरी असुल उपर गर्नुहुन समेत मञ्जुर गर्दछौं ।

बोलपत्र पेश गर्ने संस्थाको नाम :

ठेगानाः छापः

अधिकार प्राप्त व्यक्तिको पद, नाम र दस्तखतः (१)
(२)

निक्षेपसँग सम्बन्धित ट्रेडरको नामः

टेलिफोन नं.:

**अनुसूची - ५**

**नेपाल राष्ट्र बैंक**

**मौद्रिक व्यवस्थापन विभाग**

केन्द्रीय कार्यालय, काठमाडौ
फोनः०१-४४१९८०५,
एक्टेनसन :८३६
फ्याक्सः०१-४४१२३०६
Email: omo@nrb.org.np
Website: www.nrb.org.np
पोष्ट बक्सः १०५५

पत्रसंख्याः मौव्य ........./ ... /...  मितिः २०.../.../...

श्री ..........................................

**सि.नं. ..............**

**विषयः रिभर्स रिपो रकमको Advice ।**

महाशय,

यस बैंकको पहलमा खुला बजार कारोबार सञ्चालन समितिको मिति २०..../.../... को निर्णयबमोजिम आव्हान गरिएको रु. ..... करोडको रिभर्स रिपो बोलकबोल अनुसार त्यस बैंकको तपसील अनुसारको रिभर्स रिपो स्वीकार गरिएको छ ।

**तपसिल**

| | | |
|---|---|---|
| १. | अवधि | : ... ... |
| २. | रिभर्स रिपो निष्काशन मिति | : २०..../.../... |
| ३. | भुक्तानी मिति | : २०..../.../... |
| ४. | साँवा रकम | : रु. ....... करोड |
| ५. | ब्याज रकम | : रु. ............ |
| ६. | शर्त तथा सुविधा | : (क) यो Advice भुक्तानी मिति अगावै निखन्ने गरी यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थामा धितोको रूपमा प्रयोग गर्न सकिने छ ।<br>(ख) भुक्तानी मितिका दिन त्यस बैंकको खातामा उपरोक्तानुसारको साँवा तथा ब्याज रकम जम्मा भए पछि यो Advice स्वतः रद्द हुनेछ । |

भवदीय,

कार्यकारी निर्देशक

**अनुसूची - ६**

# नेपाल राष्ट्र बैंक
# सोझै खरीद बोलकबोल बोलपत्र फाराम

सोझै खरीद बोलकबोल गरिने मितिः.................... निष्काशन मिति..................
सोझै खरीद बोलकबोलका लागि आव्हान गरिएको कूल रकमः .................................

**नेपाल राष्ट्र बैंक,**
मौद्रिक व्यवस्थापन विभाग, कोड नं. ......................
काठमाडौ ।

त्यस विभागले मिति ................................ मा सोझै खरीद बोलकबोल गर्न बोलपत्र आव्हान गरेकोमा हाम्रो स्वामित्वमा रहेका तपसील बमोजिमका ट्रेजरी बिल्स निम्नानुसारको बोलमूल्यको आधारमा सोझै खरीद स्वीकार गरिदिनु हुन अनुरोध गर्दछौं ।

| सि.नं. | ट्रेजरी बिल्स सि.नं. | बाँकी भुक्तानी अवधि (दिन) | बोल रकम | बोल मूल्य | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अंकमा | | | | | | | अक्षरमा |
| | | | | | | . | | | | | |
| | | | | | | . | | | | | |
| | | | | | | . | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

उपरोक्त बोलमूल्यको आधारमा सोझै खरीद बोलपत्र स्वीकृत भएमा सो रकम तहाँको .............कार्यालय/विभागमा रहेको यस बैंकको खाता नं. ................................मा जम्मा गरिदिन अनुरोध छ । साथै, सो वापतको सुरक्षणपत्र तहाँ/आधिकारिक निकायमार्फत् नामसारी गरी लिनुहुन समेत मञ्जुर गर्दछौं ।

बोलपत्र पेश गर्ने संस्थाको नाम :

ठेगानाः छापः

अधिकार प्राप्त व्यक्तिको पद, नाम र दस्तखतः (१)

(२)

निक्षेपसँग सम्बन्धित ट्रेडरको नामः

टेलिफोन नं.:

**अनुसूची - ७**

# नेपाल राष्ट्र बैंक

## सोझै बिक्री बोलकबोल बोलपत्र फाराम

सोझै बिक्री बोलकबोल गरिने मितिः.................... निष्काशन मिति..................
सोझै बिक्री बोलकबोलका लागि आव्हान गरिएको कूल रकमः .................................

**नेपाल राष्ट्र बैंक,**
मौद्रिक व्यवस्थापन विभाग, कोड नं. ......................
काठमाडौं ।

त्यस विभागले मिति ................................ मा सोझै बिक्री बोलकबोल गर्न बोलपत्र आव्हान गरेकोमा तपसीलका ट्रेजरी बिल्स निम्नानुसारको ब्याजदरको आधारमा सोझै बिक्री स्वीकार गरिदिनु हुन अनुरोध गर्दछौं ।

| सि.नं. | ट्रेजरी बिल्स नं. | बाँकी भुक्तानी अवधि (दिन) | बोल रकम | बोल मूल्य | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अंकमा | | | | | | अक्षरमा |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

उपरोक्त मूल्यको आधारमा सोझै बिक्री बोलपत्र स्वीकृत भएमा सो रकम तहाँको ..............कार्यालय/विभागमा रहेको यस बैंकको खाता नं. ............................बाट हिसाब मिलान गर्नुहुन अनुरोध छ । निष्काशन मितिमा उपरोक्त खातामा पर्याप्त रकम नरहेमा स्वीकृत बोल रकमको २.५० प्रतिशतले हुन आउने हर्जाना वापतको रकम सोही खाताबाट कट्टा गरी असुल उपर गर्नुहुन समेत मञ्जुर गर्दछौं ।

साथै, सो सुरक्षणपत्र तहाँ/आधिकारिक निकाय मार्फत यस संस्थाको नाममा नामसारीका लागि आवश्यक निर्णय/सहजीकरण गरीदिनु हुनसमेत अनुरोध छ ।

बोलपत्र पेश गर्ने संस्थाको नाम :

ठेगानाः छापः

अधिकार प्राप्त व्यक्तिको पद, नाम र दस्तखतः (१)

(२)

निक्षेपसँग सम्बन्धित ट्रेडरको नामः

टेलिफोन नं.:

**अनुसूची - ८**

# नेपाल राष्ट्र बैंक

## नेपाल राष्ट्र बैंक ऋणपत्र बोलकबोल बोलपत्र फाराम

नेपाल राष्ट्र बैंक ऋणपत्र बोलकबोल गरिने मितिः.................... निष्काशन मिति..................
भुक्तानी मिति.................. अवधि ....................
नेपाल राष्ट्र बैंक ऋणपत्र बोलकबोलका लागि आव्हान गरिएको कूल रकमः ............................

**नेपाल राष्ट्र बैंक,**
मौद्रिक व्यवस्थापन विभाग, कोड नं. ......................
काठमाडौं ।

त्यस विभागले मिति ............................... मा नेपाल राष्ट्र बैंक ऋणपत्र बोलकबोल गर्न बोलपत्र आव्हान गरेकोमा निम्नानुसारको ब्याजदरको आधारमा नेपाल राष्ट्र बैंक ऋणपत्र स्वीकार गरिदिनु हुन अनुरोध गर्दछौं ।

| सि.नं. | बोल रकम | ब्याजदर | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अंकमा | | | | | | | अक्षरमा |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| जम्मा बोल रकम अंकमाः | | | | | | | | | |
| अक्षरमाः | | | | | | | | | |

उपरोक्त मूल्यको आधारमा नेपाल राष्ट्र बैंक ऋणपत्र बोलपत्र स्वीकृत भएमा सो रकम नेपाल राष्ट्र बैंक, ..............कार्यालय/विभागमा रहेको यस बैंकको खाता नं. ................................बाट हिसाब मिलान गर्नुहुन अनुरोध छ । निष्काशन मितिमा उपरोक्त खातामा पर्याप्त रकम नरहेमा स्वीकृत बोल रकमको २.५० प्रतिशतले हुन आउने हर्जाना वापतको रकम सोही खाताबाट कट्टा गरी असुल उपर गर्नुहुन तथा नियमानुसारका कारबाहीका लागि समेत मञ्जुर गर्दछौं ।

बोलपत्र पेश गर्ने संस्थाको नाम :
ठेगानाः छापः

अधिकार प्राप्त व्यक्तिको पद, नाम र दस्तखतः (१)
(२)

निक्षेपसँग सम्बन्धित ट्रेडरको नामः
टेलिफोन नं.:

सि.नं.: ........

अनुसूची - ९

## नेपाल राष्ट्र बैंक

मौद्रिक व्यवस्थापन विभाग

# नेपाल राष्ट्र बैंक ऋणपत्र........ (..........अवधि ........ब्याजदर)को

# प्रमाण-पत्र

निष्काशन मितिः .................. भुक्तानी मितिः .......................

श्री................................................ ले यस बैंकबाट निष्काशित नेपाल राष्ट्र बैंक ऋणपत्र ......... को रु................ (अक्षरेपी ..............................) मात्र खरीद गर्नु भएकोले निस्सा स्वरूप यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

यस ऋणपत्रको देहाय बमोजिमको ब्याज रकम तोकिएको मितिमा तथा साँवा रकम भुक्तानी मितिमा त्यस संस्थाको नाममा यस बैंकमा रहेको खाता नं. ............................ मा जम्मा गरिने छ ।

| किस्ता | मिति | रकम |
|---|---|---|
| प्रथम | | |
| दोस्रो | | |

.................... .................... ....................

उप निर्देशक निर्देशक कार्यकारी निर्देशक

**अनुसूची - १०**

# ओभरनाईट रिपो सुविधाको आवेदन फाराम◙

**नेपाल राष्ट्र बैंक** मितिः २० / /

केन्द्रीय कार्यालय

मौद्रिक व्यवस्थापन विभाग पत्रसंख्याः

काठमाडौ ।

**विषयः ओभरनाईट रिपो सुविधा सम्बन्धमा ।**

महाशय,

हाम्रो स्वामित्वमा रहेको निम्न विवरणको सुरक्षणपत्र धितोमा राखी ओभरनाईट रिपो रकम त्यस बैंकको बैंकिङ विभागमा रहेको हाम्रो खातामा जम्मा गर्न देहायका ट्रेजरी बिल्स/विकास ऋणपत्रहरू यसैसाथ पठाएका छौं ।

| | |
|---|---|
| ओभरनाईट रिपो लिने दिनभन्दा एकदिन अघिको कुल स्वदेशी निक्षेप रकम | रु. ... ... ... ... |
| ओभरनाईट रिपो उपयोग गर्नसक्ने अधिकतम सीमा (कुल स्वदेशी निक्षेपको ०.२५ प्रतिशत) | रु. ... ... ... ... |
| ओभरनाईट रिपो माग गरेको रकम | रु. ... ... |
| ओभरनाईट रिपो माग गरेको रकम अक्षेरेपी........................................................................... | |
| धितोको मूल्यसँग ओभरनाईट रिपो रकमको प्रतिशत (धितोको अधिकतम ९० प्रतिशत मात्र) | ............ |
| ओभरनाईट रिपो ब्याजदर प्रतिशत............. | ब्याज रकम रु. ..... |
| यस अघि अन्तिम पटक ओभरनाईट रिपो उपयोग गरेको मितिः .................. | रकमः .......................... |

**धितो राखिएका सुरक्षणपत्रहरूको विवरण**

| सि.नं. | सुरक्षणपत्रको विवरण | क्रमसख्या | भुक्तानी मिति | सुरक्षणपत्रको अंकित मूल्य (रु. करोडमा) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | **जम्मा** | | | |

**निवेदक संस्थाको स्वामित्वमा रहेको सुरक्षणपत्र विवरण (रु. करोडमा)**

| | |
|---|---|
| (क) सरकारी सुरक्षणपत्रमा भएको कुल लगानी | रु. |
| (ख) वैधानिक तरलता अनुपातका लागि आवश्यक सुरक्षणपत्र | रु. |
| (ग) रिपो, ओभरनाइट रिपो र स्थायी तरलता सुविधामा प्रयोग भएको सुरक्षणपत्र | रु. |
| (घ) ओभरनाईट रिपो सुविधा लिन सकिने अधिकतम रकम (क-ख-ग) | रु. |

उपरोक्तानुसारको सुरक्षणपत्र यो सुविधाको भुक्तानी मिति अगावै परिपक्व नहुने स्वघोषणा गर्दै धितो निखन्ने मितिमा हाम्रो खाताबाट ओभरनाईट रिपो सुविधाको साँवा र व्याज रकम खर्च लेखी हिसाव मिलान गर्न तथा सोका लागि आवश्यक रकम मौज्दात नभएमा धितो सुरक्षण सकार गरी साँबा, ब्याज, नियमानुसारको हर्जाना तथा अन्य दस्तुर रकम लिन समेत यसै पत्रबाट अख्तियारी प्रदान गर्दछौं।

| **बैंक/वित्तीय संस्थाको नाम तथा छाप** | | **ट्रेडर** | **खाता सञ्चालकहरू** | |
|---|---|---|---|---|
| | दस्तखतः | ... ... ... ... | ... ... ... ... | ... ... ... ... |
| | नामः | ... ... ... ... | ... ... ... ... | ... ... ... ... |
| | पदः | ... ... ... ... | ... ... ... ... | ... ... ... ... |

◙ दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको

# अनुसूची - ११

# स्थायी तरलता सुविधाको आवेदन फाराम ◙

**नेपाल राष्ट्र बैंक,** मितिः

केन्द्रीय कार्यालय

मौद्रिक व्यवस्थापन विभाग

काठमाडौं ।

**विषयः- स्थायी तरलता सुविधा सम्बन्धमा ।**

महाशय,

हाम्रो स्वामित्वमा रहेको निम्न विवरणको सुरक्षणपत्रको धितोमा निम्नानुसारको स्थायी तरलता सुविधा (Standing Liquidity Facility – SLF)स्वीकृत गरी सो रकम त्यस बैंकको बैंकिङ विभागमा रहेको हाम्रो खातामा जम्मा गर्न देहायका ट्रेजरी बिल्स/विकास ऋणपत्रहरू यसैसाथ पठाएका छौं ।

<table>
<tr><td colspan="3">SLF लिने मितिः</td><td colspan="3">SLF निखन्न कबुल गरेको मितिः</td></tr>
<tr><td colspan="2">SLF को अवधिः दिन</td><td colspan="2">SLF ब्याजदरः (%)</td><td colspan="2">SLF ब्याज रकम रु.</td></tr>
<tr><td colspan="6">निवेदक संस्थामा अघिल्लो हप्ताको अन्त्यमा कायम रहेको स्वदेशी मुद्राको निक्षेप विवरण</td></tr>
<tr><td colspan="4">(क) स्वदेशी मुद्रामा रहेको कुल निक्षेप :</td><td colspan="2">रु.</td></tr>
<tr><td colspan="4">(ख) उक्त कुल स्वदेशी निक्षेपको १ प्रतिशत रकमः</td><td colspan="2">रु.</td></tr>
<tr><td colspan="4">(ग) यस अघि लिएको SLF को तिर्न बाँकी रकमः</td><td colspan="2">रु.</td></tr>
<tr><td colspan="4">(घ) लिनसक्ने अधिकतम रकम (ख)-(ग)</td><td colspan="2">रु.</td></tr>
<tr><td colspan="4">(ङ) माग गरेको SLF रकम</td><td colspan="2">रु.</td></tr>
<tr><td colspan="2">धितोको रूपमा राखिने सुरक्षणपत्र</td><td colspan="2">अंकित मूल्य (रु.करोडमा):</td><td colspan="2" rowspan="4">खाता नं.<br>मा जम्मा गर्ने रकम रु. ............<br>(अक्षरेपी.............................. मात्र)</td></tr>
<tr><td colspan="2">ट्रेजरी विल्स</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">विकास ऋणपत्र</td><td colspan="2"></td></tr>
<tr><td colspan="2">जम्मा रकम</td><td colspan="2"></td></tr>
<tr><td colspan="6">धितोको मूल्यसँग माग गरेको SLF रकमको हुन आउने % (धितोको अधिकतम ९०% मात्र) ............</td></tr>
<tr><td colspan="6">धितो निखन्ने मितिमा स्थायी तरलता सुविधाको साँवा र ब्याज रकम हाम्रो खाताबाट खर्च लेखी हिसाव मिलान गर्न तथा सोका लागि आवश्यक रकम मौज्दात नभएमा धितो सुरक्षण वा हाम्रो स्वामित्वमा रहेका अन्य सम्पत्ति सकार गरी साँवा, ब्याज, नियमानुसारको हर्जाना तथा अन्य दस्तुर रकम लिन समेत यसै पत्रबाट अख्तियारी प्रदान गर्दछौं ।</td></tr>
<tr><td colspan="6">बैंक तथा वित्तीय संस्थाको नामः</td></tr>
<tr><td rowspan="4">छाप</td><td></td><td>ट्रेडर</td><td colspan="3">खाता सञ्चालकहरू</td></tr>
<tr><td>दस्तखतः</td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td>नामः</td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td>पद</td><td></td><td></td><td colspan="2"></td></tr>
</table>

◙ दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको

## अनुसूची - १२

## धितो राखिएका सुरक्षणपत्रहरूको विवरण◙

(रकम रु.करोडमा)

| सि.नं. | सुरक्षणपत्रको विवरण | क्रमसंख्या | भुक्तानी मिति | अवधि | सुरक्षणपत्रको अंकित मूल्य |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| धितो राखिने सुरक्षणपत्रको जम्मा रकम (रु. करोडमा) | | | | | |
| माग गरेको **SLF**रकम (रु. करोडमा) | | | | | |

**निवेदक संस्थाको स्वामित्वमा रहेको सुरक्षणपत्रको विवरण (रु. करोडमा)**

| | |
|---|---|
| (क) सरकारी सुरक्षणपत्रमा भएको कुल लगानी | रु. |
| (ख) बैधानिक तरलता अनुपातका लागि आवश्यक सुरक्षणपत्र | रु. |
| (ग) रिपो, ओभरनाइट रिपो र स्थायी तरलता सुविधामा प्रयोग भएको सुरक्षणपत्र | रु. |
| (घ) स्थायी तरलता सुविधा लिन सकिने रकम (क-ख-ग) | रु. |

उपरोक्तानुसारका सुरक्षणपत्रहरू यो सुविधाको भुक्तानी मिति अगावै परिपक्व नहुने स्वघोषणा गर्दछौं ।

आधिकारिक व्यक्ति तथा संस्थाको दस्तखत/ छाप

| | | |
|---|---|---|
| दस्तखतः | | |
| नाम : | | |
| पदः | | |
| मोबाइल नं. : | | |
| संस्थाको नामः. | | छापः |

◙ दोस्रो संशोधन, २०७९ बाट संशोधन गरिएको